# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन


| वर्ष २३, अङ्क २३ | २०७१, चैत १–१५ | पूर्णाङ्क ५४५ |
|---|---|---|





प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

**माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत - अध्यक्ष**
**माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत - सदस्य**
**नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय- सदस्य**
**अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन - सदस्य**
**वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य**
**निर्देशक प्रा.डा.श्री युवराज संग्रौला, प्रतिनिधि, काठमाडौं स्कुल अफ ल - सदस्य**
**सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत - सदस्य सचिव**

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
ना.सु.श्री लक्ष्मण वि.क.
सि.क.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री टीकाबहादुर खड्का
कार्यालय सहयोगी श्री मोति चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | १ |
| विशेष इजलास | २ |
| संयुक्त इजलास | ४ |
| इजलास नं. १ | १० |
| इजलास नं. २ | २ |
| इजलास नं. ३ | ५ |
| इजलास नं. ४ | ३ |
| इजलास नं. ५ | १५ |
| इजलास नं. ६ | ३ |
| इजलास नं. ७ | २ |
| इजलास नं. ८ | २ |
| एकल इजलास | ६ |
| रीत/बेरीत आदेश | १ |
| जम्मा | ५५ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७१, चैत – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

१६६०—०१—३३३—५५

वा

इमेल ठेगाना

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत छापाखाना, रामशाहपथ, काठमाडौं ।

## विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१-२** |
| १. | नागरिकता सम्बन्धी | महावीर कामैत वि. गृह मन्त्रालय, काठमाडौं | |
| **विशेष इजलास** | | | **२-८** |
| २. | उत्प्रेषण/ परमादेश | दृष्टिविहीन सहयोग केन्द्र नेपालका अध्यक्ष राजेन्द्र दुलाल वि. प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ३. | उत्प्रेषण/ परमादेश | सुमन अधिकारीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| **संयुक्त इजलास** | | | **८-१३** |
| ४. | घर उठाई बाटो निकास खुलाई पाउँ | रोजित मियाँ कुजरा वि. रामनारायण साहसमेत | |
| ५. | कर्तव्य ज्यान | चिरञ्जीविनाथ तिमिल्सिना वि. नेपाल सरकार | |
| ६. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. कमल तामाङसमेत | |
| ७. | जीउ मास्ने बेच्ने | उद्धवप्रसाद आचार्य वि. नेपाल सरकार | |
| **इजलास नं. १** | | | **१३-१९** |
| ८. | निषेधाज्ञा | सुभाषचन्द्र संघई वि. जिल्ला विकास समितिको कार्यालय, इलामसमेत | |
| ९. | बन्दी प्रत्यक्षीकरण | गोकुलबहादुर खुलालसमेत वि. महानगरीय प्रहरी परिसर ललितपुरसमेत | |
| १०. | बन्दी प्रत्यक्षीकरण | सरस्वती थापा वि. महानगरीय प्रहरी परिसर, हनुमानढोकासमेत | |
| ११. | उत्प्रेषण/ परमादेश | अधिवक्ता हेममणि सुवेदी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| १२. | परमादेश | दयानन्द मिश्रसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | |
| १३. | उत्प्रेषण | भोजप्रसाद मण्डल वि. जिल्ला शिक्षा कार्यालय, राजविराज, सप्तरीसमेत | |
| १४. | लिखत बदर मिलापत्र बदर | दिनाई माझी वि. बेचन खड्गासमेत | |
| १५. | परमादेश | डा.वीरेन्द्रबहादुर चन्दसमेत वि.डा.विमलप्रसाद ढकाल | |
| १६. | निषेधाज्ञा/ परमादेश | भोजप्रसाद मण्डल वि.आदर्श सरस्वती प्राथमिक विद्यालय, लौवापारको प्र.अ.रीतादेवी मण्डलसमेत | |
| १७. | चलन चलाई पाऊँ | नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा सप्तरी, राजविराजसमेत वि.डा.सत्यदेव गिरी | |
| **इजलास नं. २** | | | **१९-२०** |
| १८. | उत्प्रेषण/ परमादेश | क्रान्तिकुमार मास्के वि. मथुराप्रसाद मास्केसमेत | |
| १९. | कर्तव्य ज्यान | सन्तोष बस्नेत वि. नेपाल सरकार | |
| **इजलास नं. ३** | | | **२०-२६** |
| २०. | वन पैदावार नोक्सान | नेपाल सरकार वि. लेखराज डागसमेत | |
| २१. | कर्तव्य ज्यान | सुभाष श्रेष्ठसमेत वि. नेपाल सरकार | |
| २२. | उत्प्रेषण | विश्वगोपाल कार्कीसमेत वि. काठमाडौं उपत्यका नगर विकास कार्यान्वयन समिति, ललितपुरसमेत | |
| २३. | ठगी | दयाप्रसाद घिमिरे वि. नेपाल सरकार | |
| **इजलास नं. ४** | | | **२६-२९** |
| २४. | उत्प्रेषण | प्रमोदराज पन्त वि. जिल्ला न्यायाधिवक्ता (सरकारी वकिलको) कार्यालय, बबरमहल, काठमाडौंसमेत | |
| २५. | कर्तव्य ज्यान | मनोजकुमार जोशी वि. नेपाल सरकार | |

| | | |
|---|---|---|
| २६. | जालसाजी | जयप्रकाश राय यादव वि. बुझावन महराको मु.स. गर्ने रामदेव महरा |
| **इजलास नं. ५** | | **२९-३६** |
| २७. | अवहेलना | उपेन्द्रप्रसाद चौधरीसमेत वि. डा. रामनारायण शाहसमेत |
| २८. | अदालतको अवहेलना | वसन्त पण्डित वि. शङ्करप्रसाद पौडेलसमेत |
| २९. | अवहेलना | कमलप्रसाद खतिवडासमेत वि. श्री दीनानाथ शर्मा, शिक्षा मन्त्री, शिक्षा मन्त्रालयसमेत |
| ३०. | कुटपीट अङ्गभङ्ग | नेपाल सकार वि. रामएकवाल यादवसमेत |
| ३१. | निषेधाज्ञा | विजयसागर तुलाधर वि. गङ्गाराम खड्गी |
| ३२. | लुटपीट | युगल किशोर यादव वि. जोगी यादवसमेत |
| ३३. | लेनदेन | धनकुमारी विश्वकर्मा वि. गणेशबहादुर विश्वकर्मा |
| ३४. | मानव बेचबिखन तथा ओसारपसार | गोमा पाँचकोटी वि. नेपाल सरकार |
| ३५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. नरेन्द्रप्रसाद यादव |
| ३६. | उत्प्रेषण | गीतादेवी पौडेल वि. मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत |
| **इजलास नं. ६** | | **३६-३९** |
| ३७. | उत्प्रेषण/ परमादेश | जगतप्रसाद हाडा वि. औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, भक्तपुरसमेत |
| ३८. | उत्प्रेषण/ परमादेश | टीकाकुमारी श्रेष्ठसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ३९. | कर्तव्य ज्यान | जोखबहादुर वि.क. वि. नेपाल सरकार |
| **इजलास नं. ७** | | **३९-४२** |
| ४०. | बन्दी प्रत्यक्षीकरण | हरिकुमार लामा वि. जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोकसमेत |
| ४१. | हालै देखिको बकसपत्र लिखत बदर | सुनील सिवाकोटीसमेत वि. प्रान्जल सिवाकोटीसमेत |
| **इजलास नं. ८** | | **४२-४३** |
| ४२. | लागु औषध गाँजा | नेपाल सरकार वि. बदियल भन्ने रघुनन्दन यादव |
| ४३. | नक्कली प्रमाणपत्र भ्रष्टाचार | नेपाल सरकार वि. बालकृष्ण मेहता |
| **एकल इजलास** | | **४३-४६** |
| ४४. | बन्दी प्रत्यक्षीकरण | लेखनाथ बास्तोला वि. कारागार कार्यालय, जगन्नाथ देवल, त्रिपुरेश्वर, काठमाडौंसमेत |
| ४५. | उत्प्रेषण | तपसिंह दानीसमेत वि. मन्जु दानीसमेत |
| ४६. | उत्प्रेषण | ममताज खातुन वि. अमिना खातुनसमेत |
| ४७. | उत्प्रेषण | ममताज खातुन वि. अमिना खातुनसमेत |
| ४८. | उत्प्रेषण | दिनेशचन्द्र गिरीसमेत वि. सम्माननीय प्रधानमन्त्री मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ४९. | उत्प्रेषण | बर्मजङ्ग बम वि. भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयसमेत |
| **रीत/बेरीत आदेश** | | **४६** |
| ५०. | सम्पत्ति शुद्धीकरण | सरिता गिरी राई वि. नेपाल सरकार |

## पूर्ण इजलास

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CF-००२५, नागरिकतासम्बन्धी, *महावीर कामैत वि. गृह मन्त्रालय, काठमाडौं*

मुद्दामा प्रमाण बुझ्न आदेश गर्नु भनेको विवादित विषयमा ठहर वा अन्तिम निर्णय गर्न सहयोग पुऱ्याउने प्रमाणको खोजी गर्नु हो । इजलासबाट न्यायाधीशले प्रमाण बुझ्न गरेको आदेशलाई न्यायाधीशको रायसहितको अन्तिम ठहर वा निर्णय मान्न नमिल्ने ।

संयुक्त इजलासका एकजना न्यायाधीशले प्रमाण बुझ्न गरेको आदेशलाई निजको अन्तिम रायसहितको ठहर निर्णय भन्न नमिल्ने र राय बाझिएको भनी अर्थ गर्न पनि नमिल्ने हुन्छ । सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) को कानूनी व्यवस्थाअनुसार पूर्ण इजलासमा मुद्दा पेस हुन संयुक्त इजलासका दुबै न्यायाधीशहरूबाट मुद्दाको निष्कर्ष र परिणाममा भिन्नता हुने गरी आफ्नो रायसहित भिन्नभिन्न ठहर निर्णय भएको हुनुपर्ने हुन्छ । तर प्रस्तुत मुद्दामा एक जना न्यायाधीशले मात्र मुद्दाको निष्कर्ष र परिणाम देखिने आफ्नो रायसहितको ठहर निर्णय गरेको र अर्को न्यायाधीशले निष्कर्षमा पुग्न थप प्रमाणहरू बुझ्ने आदेश गरेको देखिँदा प्रस्तुत मुद्दा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) मा प्रयुक्त भए अनुसार संयुक्त इजलासका न्यायाधीशहरूको राय नमिलेको मुद्दा मान्न नमिल्ने ।

एकजना मात्र न्यायाधीशबाट मुद्दामा सुनुवाइ गरी अन्तिम निर्णय गर्ने संयुक्त इजलासको अधिकारक्षेत्रको प्रयोग हुन सक्तैन । एक जना मात्र न्यायाधीशको ठहर निर्णयलाई संयुक्त इजलासको अन्तिम निर्णय मान्न नमिल्ने र त्यस्तो एकजना मात्र न्यायाधीशको ठहर निर्णय क्रियाशील हुन नसक्ने ।

संयुक्त इजलासका दुईजना न्यायाधीशहरूमध्ये एकजना न्यायाधीशबाट मुद्दामा ठहर निर्णय नगरी निर्णयमा पुग्न थप प्रमाण बुझ्नपर्ने आवश्यकता र कारण देखाई विभिन्न प्रमाणहरू बुझी पेस गर्नु भनी आदेश भएको अवस्थामा उक्त आदेशानुसारको कार्य सम्पन्न गर्नुपर्ने हुन्छ । तसर्थ, प्रस्तुत मुद्दा फैसला गर्न अंङ्ग पुगी नसकेको भनी प्रमाण बुझ्नुपर्ने आवश्यकता र कारणसमेत देखाई विभिन्न प्रमाणहरू बुझी पेस गर्नु भनी आदेश भएको देखिँदा उक्त आदेशानुसार प्रमाणहरू बुझी निर्णयको लागि संयुक्त इजलासमा नै पेस गर्नुपर्ने देखिने ।

प्रस्तुत मुद्दामा संयुक्त इजलासका एकजना न्यायाधीशले ठहर निर्णय गर्नुभएको र अर्को न्यायाधीशले प्रमाण बुझ्नपर्ने आवश्यकता र कारणसमेत देखाई विभिन्न प्रमाणहरू बुझी पेस गर्नु भनी आदेश गरेको अवस्थामा प्रस्तुत मुद्दा संयुक्त इजलासका न्यायाधीशहरूको राय नमिलेको मान्न नमिल्ने र प्रमाण बुझ्न गरेको आदेशबमोजिम नै गर्नुपर्ने हुँदा सर्वोच्च अदालत

नियमावली, २०४९ को नियम ३ बमोजिम पूर्ण इजलासले हेरी निर्णय गर्नुपर्ने नदेखिने।

इजलास अधिकृत: शिवप्रसाद खनाल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७१ साल भदौ १२ गते रोज ५ शुभम्।

## विशेष इजलास

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** ०६९-WS-००६८, उत्प्रेषण/परमादेश, *दृष्टिविहीन सहयोग केन्द्र नेपालका अध्यक्ष राजेन्द्र दुलाल वि. प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

सबै प्रकारका अपाङ्गलाई राज्यको तर्फबाट संरक्षण सेवा सुविधा प्रदान गरिनुपर्ने कुरामा विवाद हुन सक्तैन । तर सबै प्रकारका अपाङ्गहरूलाई एउटै धरातलमा राखी समान व्यवहार गर्दा असमान हुन जान्छ जुन समानताको सिद्धान्तको मूल मर्मको विपरीत हो। यस अर्थमा अपाङ्गहरूबीच पनि अपाङ्गताको आधारमा वर्गीकरण गरी सोहीबमोजिमको संरक्षणको आवश्यकता छ भन्ने कुरामा पनि दुईमत हुन नसक्ने।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र प्रवर्द्धन गर्नको निम्ति बनेको United Nations Conventions on Rights of Persons with Disabilities को नेपाल पक्ष राष्ट्र भइसकेको परिप्रेक्ष्यमा संविधान एवम् उक्त महासन्धिको भावनाअनुसार अपाङ्ग संरक्षण तथा कल्याण ऐनमा समेत परिमार्जन गर्नुपर्ने आवश्यकता रही सोसम्बन्धी गृहकार्यसमेत भइरहेको भन्ने उल्लेख भएको परिप्रेक्ष्यमा अपाङ्गता भएका व्यक्तिहरूको हित संरक्षण, सशक्तिकरण एवम विकास गर्नेसम्बन्धी कानून निर्माण गर्दा वा भइरहेका कानूनी व्यवस्थाको संशोधन गर्दा अपाङ्गता भएका व्यक्तिहरूबीच उचित र विवेकसम्मत वर्गीकरण गर्नु र निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा ७ को देहाय (ङ) मा अपाङ्ग व्यक्तिहरूको लागि छुट्याइएको पाँच प्रतिशत पदमा अपाङ्गता भएका व्यक्तिहरूको स्थिति हेरी विवेकसम्मत मापदण्ड कायम गरी मनासिब आधारमा निजामती सेवामा पदपूर्ति गर्ने मापदण्ड तयार गरी कार्यान्वयन गर्नु भनी विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाउँमा निर्देशात्मक आदेश जारी हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७० साल मङ्सिर २० गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०७०-WS-००५०, उत्प्रेषण/परमादेश, *सुमन अधिकारीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

जनताको हक अधिकारको रक्षा गरी न्याय गर्ने प्रयोजनका लागि अदालतबाट विभिन्न महत्त्वपूर्ण अवसरमा जारी भएका निर्णय, आदेश एवम् निर्देशनहरू न्यायका सर्वोपरि आवश्यकताअनुरूप गरएिका हुँदा तिनको

सम्मान गर्नु कानूनी राज्यको धर्म निर्वाहको अभिन्न अङ्गको रूपमा लिनु पर्ने संवैधानिक वाध्यता हो । ती निर्णय, आदेश, निर्देशनको उपेक्षा गरी अर्को अङ्गले बेग्लाबेग्लै वा विपरीत दिशामा हिड्ने कोसिस गर्ने हो भने कानूनी राज्य सुचारू हुन सम्भव नहुने ।

न्यायापालिकाले आफ्नो स्वार्थ वा अहम्को प्रतिपादनको लागि कुनै गम्भीर निर्णय गर्न सक्तैन र गर्ने अपेक्षा नै गरिएको हुँदैन भने अन्य अङ्गले पनि न्यायिक निर्णय वा आदेशहरूको पूर्वाग्रहसहित उलङ्घनको बाटोमा हिड्ने अपेक्षा गरिएको हुँदैन । राज्ययन्त्रका सहअङ्गका रूपमा स्थापित संस्थाहरू स्वयम् द्वन्द्व, उपेक्षा वा उल्लङ्घनको दिशामा हिड्ने हो भने जनताको हक र न्याय नै सबैभन्दा बढी प्रभावित हुन्छ, जुन राज्य स्वयम्को लागि पनि अन्ततः घातक हुन सक्तछ । त्यस्तो दुष्कर की वा अप्रिय कामकुराबाट लोकतान्त्रिक संस्थाहरूको लागि ग्राह्य हुन नसक्ने ।

पूर्वाग्रह र जीतहारको भावनाबाट सम्मुख वा विमुख नभई संविधान र न्यायका मूल्य मान्यताबाट अनुप्राणित हुनु जरूरी हुन्छ । विश्वव्यापीकारणको असर र प्रभावबाट आज संसारको कुनै पनि मुलुक पृथक रहन सम्भव छैन । त्यसैले विश्वभर स्वीकारिएका न्याय र अधिकारका मूल्य मान्यताको प्रयोग र पालना भिन्न तरिकाबाट गर्न खोज्ने सोचले राष्ट्रलाई विश्व समुदायबाट अलग्याउने मात्र होइन राष्ट्रको अन्तर्राष्ट्रिय छवि उजिलिन सक्तैन । अन्तर्राष्ट्रिय समुदायसमक्ष राज्यले व्यक्त गरेका प्रतिबद्धताहरूको कार्यान्वयनबाटै राज्यले आफूलाई विश्वमञ्चमा स्थापित गराउन सक्दछ । प्रतिबद्धता भने गरिरहने तर पछि हटिरहने सोंचले विश्वसनीयताको क्षयीकरण मात्र हुने ।

गतिशील समाजमा द्वन्द्वहरू स्वाभाविक मानिन्छन् । द्वन्द्वले नकारात्मक मात्र होइन कतिपय अवस्थामा सकारात्मक परिणामहरू पनि सिर्जना गर्दछ । त्यसको लेखाजोखा द्वन्द्व विश्लेषकहरूले गर्ने नै छन् । तर द्वन्द्वलाई एउटा निश्चित विन्दूभन्दा अगाडि बढ्न दिइरहनु कसैको पनि हितमा हुँदैन । यसको लागि द्वन्द्वको न्यायपूर्ण, सर्वमान्य र सन्तुलित व्यवस्थापन अपरिहार्य हुन्छ । द्वन्द्वको असरले पीडित बन्न पुगेको समाजको ठूलो वर्गले उपेक्षित र अन्यायको महसुस गरिरहने अवस्था कायम गर्न खोज्नु द्वन्द्वको ठीक ढङ्गबाट व्यवस्थापन नगर्नु र पुनरावृत्तिलाई आमन्त्रण गर्नुसरह नै हो । द्वन्द्वका असर र प्रभावहरूलाई सहीरूपमा उजागर नगर्नु तथा तिनको न्यायोचित सम्बोधन गर्न नसक्नुले द्वन्द्व पुनरावृति हुने अवस्थालाई टेवा प्रदान गर्दछ भन्ने कुरा बिर्सन नहुने ।

राज्यको चरित्र दण्डहीनतालाई प्रोत्साहन गर्ने होइन द्वन्द्वले उठाएका प्रश्न र सिर्जना गरेको परिणामलाई व्यवस्थित गर्दै न्यायपूर्ण समाज स्थापना गर्नेतर्फ अग्रसर हुनुपर्दछ । गम्भीर मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई न्यायको दायरामा ल्याउने राज्यको राष्ट्रिय र अन्तर्राष्ट्रिय कानून सिर्जित दायित्व नै हो । सारमा भन्नुपर्दा विवादित ऐनका प्रावधानहरूले सङ्क्रमणकालीन न्यायको विधिशास्त्रीय मान्यतालाई सहजरूपमा स्वीकार गर्न सकेको नपाइने ।

अन्तरिम संविधानको धारा १०० बमोजिम नेपालको न्याय प्रणाली मात्र संविधान, कानून र न्यायका मूल्य मान्यताबाट नि:सृत हुन सक्दछ । लोकतान्त्रिक मूल्य मान्यता पनि यही नै हो । न्यायिक अधिकार अन्यत्रैबाट निःसृत हुने अभ्यास परित्याग गरिसकेको कुरा सबैलाई हेक्का भएकै हुनुपर्दछ । अर्को शब्दमा भन्नुपर्दा न्यायसम्बन्धी अवशिष्ट अधिकार संविधानतः नेपालको न्यायपालिकामा अन्तर्निहित छ । यसलाई राज्यका अन्य निकायले प्रतिस्थापन गर्न सक्तैनन् र त्यस्तो सोच राख्नु पनि नहुने ।

ऐनमा जे जस्तो शब्दावली प्रयोग भए पनि ऐनअन्तर्गत गठन भएको आयोगले न्यायिक संस्थालाई विस्थापन, न्यायिक कार्यको प्रतिस्थापन र न्यायिक कार्यको विकल्प दिन सक्तैन भन्ने कुरा सबैले संस्मरण गर्नुपर्दछ । वास्तवमा आयोग स्वयम्मा न्यायिक प्रक्रियाको सहयोगी वा सहायक मात्र हो । यसले उत्खनन् गरेका सत्य र प्रमाणका आधारमा परिणामतः गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनका मुद्दाहरू अदालतबाटै निप्टारा हुने हुँदा न्यायिक प्रक्रियामा सघाउ पुर्‍याउन संस्थापित अस्थायी प्रकृतिको निकाय र राज्यको स्थायी संरचना न्यायपालिकाबीचको अन्तर छुट्ट्याउन र सोहीअनुरूप बुझ्न जरूरी हुने ।

आयोग गठन हुनुपूर्व द्वन्द्वकाल वा तदुपरान्त नियमितरूपमा न्याय निरूपणका विषयहरू अदालतमा प्रस्तुत भइरहेका थिए र छन् । प्रचलित संविधान, ऐन, कानूनबमोजिम तिनको सम्बोधन गर्नु अदालतको नियमित, अन्तर्निहित र संवैधानिक कर्तव्य पनि हो । न्याय निरूपणको विषय अदालतबाट संविधानबमोजिम बाहेक बहिष्कृत गर्न वा अलग्याउन संविधानसङ्गत हुँदैन र लोकतन्त्रको मूल्य मान्यताअनुकूल पनि नहुने ।

अदालतले आफूसमक्ष विचाराधीन मुद्दा द्वन्द्वको क्रममा भएका हुन् वा होइनन् भन्नु भन्दा माग गरिएको दावी न्यायोचित हो वा होइन भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । हरेक कसुर वा कार्य कहीँ न कहीँ कुनै न कुनै ढङ्गको द्वन्द्वको परिणाम हुने गर्दछ । सशस्त्र द्वन्द्वसँग सम्बद्ध भए पनि संविधान, मानवाधिकार कानून वा मानवतासम्बन्धी कानूनप्रतिकूल हुन्छ भने सोसँग सम्बन्धित प्रश्नलाई न्याययोग्य नबनाउन मिल्दैन । द्वन्द्वको राजनीतिक सम्बन्धको कुरा जे भए पनि तिनको कानूनी पक्षलाई उपेक्षा गर्न मिल्दैन । कुनै कार्य राजनीतिक द्वन्द्वसँग सम्बद्ध भन्नु र द्वन्द्वकालसँग सम्बद्ध भन्नु पनि एउटै होइन । द्वन्द्वकालभित्र राजनीतिक र आपराधिक अनेकौं घटनाहरू घटित भएका हुनसक्छन् । सशस्त्र द्वन्द्वको क्रममा विशुद्ध राजनीतिकरूपमा भएको घटना र आपराधिकरूपमा आएको घटनाहरू एकै वर्गमा राख्न पनि नसकिने ।

आपराधिक कार्य गरेको भनी अदालतमा विचाराधीन रहेको विषयमा सो कार्य आपराधिक हो वा होइन भनी निणर्य दिनु अदालतको कर्तव्य हुन्छ । आपराधिक भनेको कार्य सिद्ध हुन्छ भने सशस्त्र द्वन्द्वको क्रममा भएको हो वा होइन भनी अदालत स्वयम्‌ले त्यसको दायित्वबाट उन्मुक्ति दिन सक्तैन । कुनै कार्य आपराधिक कार्य हो वा होइन भन्ने कुरा सबुद प्रमाणको मूल्याङ्कन गरी विशुद्धरूपमा न्यायिक तरिकाले निणर्य गर्ने

कुरा हो। त्यो कार्य आयोग जस्तो अर्धन्यायिक प्रकृतिको निकायले टुङ्गो लगाउने सक्ने विषय नहुने।

विशुद्धरूपले न्यायिक तौरले टुङ्गो लगाउने विषय अर्धन्यायिक निकायले टुङ्गो लगाउन र अदालतले भने त्यसको शिरोधार्य गर्ने वा सो प्रयोजनको लागि आफ्नो अधिकारक्षेत्र समर्पण गर्ने भन्ने कुरा संवैधानिक कानून र न्यायको मान्य सिद्धान्तसङ्गत देखिन नआउने।

अदालतमा विचाराधीन मुद्दामा पनि सशस्त्र द्वन्द्वको क्रममा भएको भए अदालतको परामर्शमा आयोगले छानबिन गर्ने व्यवस्था गरेको देखिन्छ। त्यस सम्बन्धमा हेर्दा अदालतको परामर्शमा भन्ने शब्दहरू प्रयोग भएको हुँदा अदालतले त्यस्ता मुद्दाहरू समर्पण गर्न बाध्य हुने भन्ने अर्थमा लिन नसकिने।

आयोगले अदालतमा विचाराधीन मुद्दा आफूसमक्ष पठाउन परामर्श माग गरे पनि अदालतले सोअनुसार सुम्पन उपयुक्त नदेखी नदिएमा आयोगले छानबिन गर्न नसक्ने अवस्था देखिन्छ। त्यससम्बन्धमा विवाद भएमा अदालतको क्षेत्राधिकारभित्रको मुद्दाहरू पूर्ववत अदालतमा नै सुचारू रहने देखिने।

ऐनको दफा १३(२) र (४) को व्यवस्थाअनुसार अदालतसमक्ष विचाराधीन मुद्दाहरू पनि आयोगले छानबिन गर्ने कुराले छानबिनको दायरा कति हो भन्ने कुरामा थप प्रश्न उब्जाएको देखिन्छ । आयोगलाई अदालतमा विचाराधीन मुद्दाहरू छानबिन गर्न दिइएको हो भने आयोगले अदालतमा दायर रहेको मुद्दामा निर्णयहरू प्रभाव पार्ने गरी लगत काट्न लगाउन वा न्यायिक जिम्मेवारीबाट मुक्त गर्न सक्छ कि सक्तैन भन्ने प्रश्न उठ्छ। तर उपर्युक्त प्रावधानले अदालतमा विचाराधीन मुद्दा आयोगसमक्ष सर्ने र अदालतको क्षेत्राधिकार समाप्त हुने कुराको कुनै उल्लेख गरेको छैन। तसर्थ अदालतको क्षेत्राधिकारको विषयलाई अन्यथा प्रमाणित गरेको मान्न मिल्ने नदेखिने।

आयोगले कुनै अर्को व्यक्ति वा विषयमा छानबिन गर्न सान्दर्भिक भई अदालतमा विचाराधीन मुद्दाको पनि अध्ययन गर्नपर्ने भएमा सो प्रयोजनको लागि उपर्युक्तबमोजिम अदालतसमक्ष माग गर्ने र अदालतले परामर्श सहित मुद्दाको मिसिल पठाएमा त्यसमा अध्ययन गर्नु एउटा कुरा हो र त्यो नै स्वाभाविक हो। तर सो बाहेक अदालतमा विचाराधीन मुद्दाहरूको क्षेत्राधिकार नै समाप्त गर्ने गरी मुद्दाहरू आयोगले प्राप्त गर्ने वा ग्रहण गर्ने र त्यसको निर्णय गर्ने कुरा सोच्नै नसकिने कुराहरू हुन्। अदालतको क्षेत्राधिकारभित्रको मुद्दाहरू यसरी हस्तान्तरण हुन सक्तैन र त्यसमा अदालत बाहेक अरूले निर्णय गर्न पनि नसक्ने।

ऐनको दफा १३(४) मा व्यवस्थित भएको घटना सशस्त्र द्वन्द्वको क्रममा भएको हो होइन भन्ने कुराको व्याख्या गर्ने आयोगको अधिकार अदालतमा विचाराधीन मुद्दाको सम्बन्धमा हुन सक्ने नभै आयोगको आफ्नै कार्यक्षेत्रमा पर्न आएको निवेदनका सम्बन्धमा प्रयोग गर्न सक्ने विषय देखिन्छ। उपर्युक्त उपदफा (२) र (४) ले अदालतमा विचाराधीन विषयवस्तुहरू यथावत चालु राख्न कुनै अन्यथा व्यवधान दिएको वा दिन सक्ने प्रकृतिको मान्न नसक्ने देखिएकाले

उपर्युक्त व्याख्या र विश्लेषणको आधारमा सो व्यवस्थाहरू बदरै गरिरहनु नपर्ने ।

मेलमिलापको लागि निवेदन दिने विषय आफैंमा आपत्तिजनक हुँदैन । तर सहअस्तित्व र समभावमा आधारित सामाजिक बन्धन भएको हुँदा पीडितलाई उपेक्षा गरी एकतर्फी ढङ्गबाट मेलमिलाप हुनै सक्तैन । यसको लागि दुबै पक्षहरूको स्वतन्त्र र जाग्रत सहमति आवश्यक हुन्छ । मेलमिलाप जबर्जस्ती लाद्न सकिन्न । पीडितको आत्मसम्मानमा ठेस लाग्ने वा चोट पुग्ने गरी मेलमिलाप हुनुहुँदैन । यथार्थमा मेलमिलापको प्रक्रियालाई पीडित स्वयम्ले उत्प्रेरित वा आमन्त्रित गरेको अवस्थामा मात्र यसको सार्थकता सिद्ध हुनसक्ने ।

निवेदकहरूले दफा २६ को क्षमादानसम्बन्धी व्यवस्थाका सम्बन्धमा समेत गम्भीर चासो र सरोकार देखाएको पाइन्छ । खास गरी उक्त दफाको उपदफा (२) मा उल्लेख भएको उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बलात्कार र आयोगको छानबिनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएका गम्भीर प्रकृतिका अन्य अपराधमा संलग्न पीडकलाई आयोगले क्षमादानको लागि सिफारिस गर्नसक्ने छैन भन्ने व्यवस्था आपत्तिजनक देखिन्छ । उक्त कानूनी व्यवस्थाको सोझो अर्थ आयोगले चाहेमा गम्भीर प्रकृतिका अपराधका पीडकलाई समेत क्षमादानको सिफारिस गर्न सक्दछ भन्ने हो । गम्भीर प्रकृतिका अपराध स्वयम्मा मानव अधिकारको गम्भीर उल्लङ्घनसँग सम्बन्धित अपराध हुन् । त्यस्ता गम्भीर अपराधका पीडकलाई न्यायको दायरामा ल्याई सजाय गर्ने आधार खोजी गर्नु आयोगको दायित्व हुने भई संविधान र कानूनसम्मत पनि हुन्छ । अभियोग नै नलगाई कसुर नै कायम नगरी आममाफी दिएसरह क्षमादान गर्ने आधार र कारण आयोगले खोजी हिँड्न आवश्यक हुँदैन र सो आयोगलाई नसुहाउने ।

त्यस्तै ऐनको दफा २६ को उपदफा (५) मा उल्लेख भएको उपदफा (३) बमोजिम क्षमादानका लागि कुनै निवेदन पर्न आएमा आयोगले त्यस्तो पीडकलाई क्षमादान गर्ने सम्बन्धमा पीडितको सहमति, असहमति र घटनाको गम्भीरतासमेत विचार गरी क्षमादानको सिफारिस गर्ने निर्णय गर्नुपर्नेछ भन्ने प्रावधान पनि विवादित छ । पीडितको सहमतिपछि लगत्तै उल्लेख भएको असहमति भन्ने पदावली सँगसँगै प्रयोग भएबाट असहमतिको अर्थ दोहोरो लाग्न गएको देखिन्छ । तर पीडितको असहमतिमा र गम्भीर प्रकृतिका अपराधमा क्षमादान हुनै नसक्ने कुरा यसअघि यस अदालतबाट जारी भएका आदेशबाट पटकपटक सम्बोधन भैसकेको हुँदा त्यसैलाई आयोगले मार्गदर्शन बनाउनुपर्दछ । यस अदालतबाट भएका आदेशको उपेक्षा आयोगले गर्न नसक्ने ।

ऐनको दफा २९ को व्यवस्थाले आयोगको सिफारिसलाई नेपाल सरकारको अधीनस्थ बनाएको र महान्यायाधिवक्ताको अभियोजन गर्न पाउने संवैधानिक अधिकारलाई समेत प्रभावित गरेको भन्ने पनि निवेदकहरूको कथन रहेको पाइन्छ । उक्त दफा २९ को उपदफा (१) मा मानव अधिकारको गम्भीर उल्लङ्घनको आरोपमा दोषी देखिएको पीडकउपर मुद्दा

चलाउन आयोगबाट नेपाल सरकारसमक्ष सिफारिस भएमा मन्त्रालयले त्यस्तो पीडकउपर मुद्दा चलाउन महान्यायाधिवक्तासमक्ष लेखी पठाउनुपर्नेछ भन्नेसमेत व्यवस्था भएको देखिन्छ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ को उपधारा (२) बमोजिम नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तामा निहित रहेको देखिने।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ बमोजिम संविधानले प्रदान गरेको अभियोजनसम्बन्धी अधिकार विशिष्ट र स्वायत्त प्रकृतिको अधिकार हो। महान्यायाधिवक्तालाई यो अधिकार संविधानद्वारा सीधै प्रदान गरिनुको पछाडि महान्यायाधिवक्ताको संस्था एउटा व्यावसायिक र न्यायिक संस्थाको रूपमा रहेको र त्यस्तो संस्थाले कुनै खास राजनैतिक उद्देश्यले कसैउपर दुर्भावनापूर्वक अभियोजन लगाउन वा कसैउपर मोलाहिजावश वा राजनीतिक स्वार्थको कारणले लगाउनपर्ने अभियोजन नलगाउने अवस्था आउन नदिन र फौजदारी कसुर जस्तो विषय समेटिएको गम्भीर फौजदारी अभियोग विशिष्ट कानूनी एवम् न्यायिक आवश्यकताअनुरूप सही र निष्पक्षरूपमा हुन सकोस् भनेर नै यस्तो संस्था खडा गरी अभियोजन सम्बन्धी सम्पूर्ण जिम्मेवारी सुम्पिएको हुँदा महान्यायाधिवक्ताको अभियोजनसम्बन्धी अधिकारलाई सङ्कुचन गर्न मिल्ने नहुने।

संविधानतः सरकार वादी हुने मुद्दा चलाउने अख्तियारी भएको महान्यायाधिवक्तासमक्ष आयोगले सोको लागि सीधै सिफारिस गर्न नसक्ने र नगर्नु पर्ने कुराको कुनै विवेकसम्मत आधार देखिँदैन। छानबिनबाट दोसी देखिएका व्यक्तिलाई मुद्दा चलाउन आयोगले गर्ने सिफारिस घुमाउरो बाटोबाट महान्यायाधिवक्तासमक्ष पठाउने व्यवस्थाले अनावश्यक जटिलता र संशय मात्र पैदा गरेको देखिन्छ। यसको परोक्ष अर्थ पीडकलाई अभियोजनबाट उम्काउने मात्र हुन सक्दछ। यस विषयमा यसअघि जारी भएको आदेशमा नै पर्याप्त व्याख्या र विश्लेषण भैसकेको हुँदा संविधानको स्पष्ट व्यवस्थासँग असङ्गत र आवश्यक भन्दा अतिरिक्त उल्लेखन गरिएको उक्त दफामा प्रयुक्त ...नेपाल सरकारसमक्ष सिफारिस भएमा मन्त्रालयले त्यस्तो पीडकउपर मुद्दा चलाउन... भन्ने वाक्यांश बदरभागी देखिने।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २६ को उपदफा (२) मा प्रयुक्त ...आयोगको छानबिनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएका...भन्ने शब्दावली र दफा २९ को उपदफा (१) मा प्रयुक्त ...नेपाल सरकारसमक्ष सिफारिस भएमा मन्त्रालयले त्यस्तो पीडकउपर मुद्दा चलाउन... भन्ने व्यवस्थाहरू नेपालको अन्तरिम संविधानको धारा १२, १३, २४ र १३५ समेतको विपरीत बदरभागी देखिएकाले आजैका मितिदेखि बदर घोषित हुने।

ऐनको व्यवस्था स्वयम्मा पर्याप्त र स्पष्ट नरहेको कुरा माथि प्रकरणप्रकरणमा गरिएका

विश्लेषणहरूबाट देखिएको छ । साथै दुबै आयोगहरूले काम गर्दै जाँदाको अवस्थामा समेत थप जटिलता वा द्विविधाहरू आउन सक्दछन् । यस स्थितिमा राज्यको कानूनबाट स्थापित त्यस्ता आयोगहरूले पनि संविधान, कानून, अन्तर्राष्ट्रिय मानव अधिकार कानून र मानवीय कानून तथा न्यायका मान्य सिद्धान्तहरूलाई ध्यान दिनैपर्ने हुन्छ । साथै यस अदालतबाट जारी भएका आदेशहरूले पनि संवैधानिक कानूनको अङ्ग र न्यायिक मूल्यमान्यताकै स्थान लिएका हुन्छन् । त्यसैले संवैधानिक परम्पराको रूपमा रहेका त्यस्ता आदेशहरू आयोगहरूका लागि आफ्नो कार्यसञ्चालनको मार्गदर्शक सिद्धान्तका रूपमा रहन्छन् । आयोगका कार्यहरूले सिर्जना गर्ने असर वा परिणामहरू पनि न्यायिक संपरीक्षणको दायरा बाहिर रहन नसक्ने ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा नपरेका वा परेर पनि अस्पष्ट भएका तथा संविधान, अन्तर्राष्ट्रिय मानव अधिकार कानून र मानवीय कानूनसमेतसँग असङ्गत भएको कारणले कार्यान्वयन गर्न नमिल्ने व्यवस्थाहरूका सम्बन्धमा प्रस्तुत रिट निवेदन र राजेन्द्र ढकाल, लिलाधर भण्डारी र माधवकुमार बस्नेतसमेत निवेदक भएका मुद्दाहरूमा यसअघि जारी गरिएका आदेश, दिइएका निर्देशन र व्याख्याहरू प्रतिकूल नहुने गरी कार्य गर्नु गराउनु भनी सम्बन्धित आयोग तथा नेपाल सरकारसमेतका नाममा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (२) बमोजिम यो आदेश जारी हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल, विष्णुप्रसाद गौतम

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७१ साल फागुन १४ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा. न्या.श्री गोपाल पराजुली,** ०६८-CI-०४९०, घर उठाई बाटो निकास खुलाई पाउँ, *रोजित मियाँ कुजरा वि. रामनारायण साहसमेत*

विवादित जग्गाका सम्बन्धमा सुरू मिसिल संलग्न मिति २०६५।९।४ को नक्सा मुचुल्का हेर्दा न.नं. ३ पूर्व पश्चिम बाटो रहेको देखिन्छ भने सो न.नं. ३ पूर्व पश्चिम बाटोको उत्तरतर्फ न.नं. १४ बाटो रहेको देखिन्छ । सोही न.नं. १४ को पूर्वतर्फ विवादित न.नं. १५ का घरहरू रहेका देखिन्छन् । उक्त न.नं. १४ को बाटोबाट उत्तरतर्फ न.नं. ६ कि.नं. १७९ को गाउँ ब्लकको जग्गा भई सो जग्गामा विभिन्न व्यक्तिहरूको बसोवास रहेको र न.नं. ७ कि.नं. १०७ को जग्गा रामेश्वर यादवको जग्गा भनी जनिएको देखिएको छ । सो न.नं. १४ को सार्वजनिक बाटोले वादीको घर जग्गा छोएको देखिँदैन र सो बाटो हुँदै वादीको घर जग्गामा जानुपर्ने स्थिति पनि देखिन नआउने ।

वादीले मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको १० नं. बमोजिम

सार्वजनिक सरोकारको विषय भनी प्रस्तुत फिराद दिएको देखिन्छ । मुद्दाको विषय वा प्रकृतिबाट नेपाल सरकारको वा सार्वजनिक हित वा सरोकार निहित रहेको मुद्दा अड्डाको अनुमति लिई जोसुकैले पनि चलाउनसक्ने व्यवस्था अ.बं. १० नं. मा रहेको छ । तर सार्वजनिक हित वा सरोकारको विषय भनी अदालतको अनुमति लिई मुद्दा दायर गर्नु मात्र पर्याप्त हुँदैन । त्यसका लागि त्यस्तो सार्वजनिक हित वा सरोकारको विषय भनी दावी लिने पक्षले त्यस्तो सार्वजनिक हित वा सरोकारको विषयमा आफ्नो सार्थकसम्बन्ध रहेको र त्यस्तो विषयमा मुद्दा नचलाउँदा आफूलाई क्षति हुन सक्छ भन्ने कुरा पनि पुष्टि गर्न सक्नुपर्ने ।

विवादित नं.नं. १४ को बाटो वादीले आफ्नो घरजग्गा वा खेतीपाती वा अन्य प्रयोजनका लागि जान आउन नियमित प्रयोग गरिरहनुपर्ने बाटो हो भनी फिरादमा उल्लेख गर्न सकेको देखिँदैन भने नक्सा मुचुल्काबाट पनि त्यस्तो स्थिति रहे भएको देखिन आएको छैन । यस्तो स्थितिमा सो न.नं. १४ को बाटो र न.नं. १५ को प्रतिवादीहरूको बसोवासको घरजग्गा समेतमा वादीको सार्थक सरोकार रहेको र वादीलाई क्षति पुग्ने अवस्था देखिन नआउने ।

प्रमाण ऐन, २०३१ को दफा २६ बमोजिम देवानी मुद्दामा दावी प्रमाणित गर्ने भार वादीमा रहने हुँदा सार्वजनिक जग्गा भनी दावी गर्नेले नै सो कुरा प्रमाणित गर्नुपर्ने हुन्छ । तर वादीले सो विवादित जग्गा सार्वजनिक जग्गा हो भन्ने कुरा पुष्टि हुने कुनै ठोस प्रमाण पेस गर्न सकेको देखिँदैन । साविकको स्रेस्ताबमोजिम आफ्ना बाबु बाजेकै पालादेखि दर्ता गराई घर बनाई बसोवाससमेत गरेको भन्ने प्रतिवादीहरूको प्रतिउत्तर जिकिरलाई खण्डन हुने कुनै पनि प्रमाण वादीले पेस गर्न सकेको छैन । यस्तो अवस्थामा वादीको फिरादलाई मात्र आधार मानी प्रतिवादीहरूका बाबु बाजेका पालामै दर्ता भई निजहरूले घर बनाई बसोवाससमेत गरेको जग्गालाई सार्वजनिक जग्गा मान्न र सार्वजनिक जग्गा मिची घरसमेत बनाएको भन्न नमिल्ने ।

विवादित जग्गामा बनेका घरका सम्बन्धमा यिनै प्रतिवादीहरूउपर सप्तरी जिल्ला अदालतमा मुद्दा चलेकोमा वादी दावी नपुग्ने ठहरी सो अदालतबाट भएको मिति २०६३।८।५ को फैसला अन्तिम भई बसेको तथा विवादित घर र सो घरसँग जोडिएको बाटो समेतमा यी वादीको कुनै सार्थक सम्बन्ध र सरोकार रहेको नदेखिनुका साथै उक्त जग्गा वादीका बाबु बाजेकै पालामा निजहरूका नाउँमा दर्ता भई घर बनाई बसोवास गरेको जग्गा देखिन आएको एवम् सो जग्गा सार्वजनिक जग्गा हो भन्ने कुराको ठोस प्रमाण वादीले पेस गर्न सकेको नदेखिएको समेतबाट सप्तरी जिल्ला अदालतको फैसला उल्टी गरी वादी दावी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।११।११ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: किशोर घिमिरे

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल कात्तिक २ गते रोज १ शुभम् ।

२

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा. न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-०६८६, कर्तव्य ज्यान, *चिरञ्जीविनाथ तिमिल्सिना वि. नेपाल सरकार*

मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. मा "धार भएको वा नभएको जोखिमी हतियार गैह्रले हानी रोपी घोची ज्यान मारेमा जतिजना भै हतियार छाडेको छ उतिजना ज्यानमारा ठहर्छन् । सर्वस्वसहित जन्मकैदको सजाय गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था भएको देखिने।

प्रतिवादीले बरामद भएको खुकुरीले घाँटीमा प्रहार गरी मृतक श्रीमती लक्ष्मी भन्ने गौरी तिमिल्सिना (चौलागाई) लाई कर्तव्य गरी मारेको तथ्य प्रमाणबाट स्पष्ट भएकाले त्यस्तो हत्या गर्ने कसुरदारलाई उपर्युक्त कानूनी व्यवस्थाको आधारमा सजाय हुने व्यवस्था भएबाट प्रतिवादी चिरञ्जीविनाथ तिमिल्सिनालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम मिति २०६६।१२।९ मा सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।२।२४ को फैसला मनासिब नै देखिँदा सदर हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल असोज २७ गते रोज २ शुभम्।

३

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०५११, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. कमल तामाङसमेत*

दुई पक्षबीच विवाद भई प्रतिवादी पक्षबाट जाहेरवाला पक्षलाई चोट छाडेको तथ्यमा विवाद भएन । तर उक्त वारदातमा प्रयोग गरिएको हतियार घातक थियो वा थिएन र घातक भएको भए मर्न सक्ने अवस्था थियो वा थिएन भन्ने कुरा पनि विचारणीय छ। धारिलो हतियार खुकुरीसमेत प्रयोग भएको भनी जाहेरी र अभियोग दावीमा जिकिर लिएको भए पनि पीडित सुमित्रा ढुङ्गेल खरेलको घा जाँच प्रतिवेदनमा टाउकोमा लागेको घाउ Not Fatal भनी उल्लेख भई प्रयोग गरिएको हतियारमा Blunt भन्ने उल्लेख भएको र जाहेरवालाको हात कुममा छाला खुइलेको र तिघ्रा सुन्निएको भन्ने उल्लेख भएबाट दावी लिएबमोजिम प्रस्तुत वारदातमा धारिलो हतियार खुकुरी प्रयोग भएको भन्ने देखिन नआउने।

वारदातस्थलमा वारदात हुँदाको समयमा सुमित्रा मात्र एक्लो व्यक्तिको उपस्थिति नभई पीडित, निजकी छोरी ज्योती र जाहेरवाला दुर्गाप्रसाद खरेललगायत अन्य व्यक्तिसमेतको उपस्थिति रहेको देखिन आएको छ । पूर्व योजनाका साथ वारदात घटेको नभई तत्काल पीडित पक्षले प्रतिवादी पक्षलाई आफ्नो छोरीको विषयलाई लिई भएको द्विपक्षीय झडपमा पत्ती एकापसमा खोसाखोस हुँदा सुमित्राको टाउकोमा, दुर्गाप्रसादको हात र तीघ्रामा चोट लागी घाइते हुन पुगेको देखिन्छ । यी प्रतिवादीहरूमा ज्यानै मार्नेसम्मको मनसाय भई योजनाका साथ आक्रमण गरी सोहीबमोजिम कार्य गरेको भन्ने

कुराको पुष्टि हुन नआउने ।

प्रस्तुत विवादमा ज्यान मार्ने उद्योगको मनसाय तत्त्वको अभाव देखिएको र प्रतिवादीबाट पीडितउपर प्रहार भएको चोट रोक्न वा अवरोध पुर्‍याउने तत्त्व तथा अन्य कुनै कारणको विद्यमानता समेत नदेखिएकाले ज्यान मार्ने उद्योगको कसुर नठहराई कुटपीटमा परिणत गर्ने समेत ठहर गरेको पुनरावेदन अदालत, इलामको फैसलालाई बेमनासिब भन्न नमिल्ने ।

विवेचित आधार र कारणबाट पीडित पक्ष उपर लागेको चोटको प्रकृति हेर्दा निज मर्नसक्ने अवस्था भएको समेत नदेखिएको हुँदा प्रस्तुत वारदात कुटपीटसम्मको वारदात देखिन आएकाले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १५ नं. बमोजिम ज्यान मार्ने उद्योगको कसुर गरेको ठहर गरी प्रतिवादीहरू कमल तामाङ र शम्भु भन्ने टीकाराम कार्कीलाई जनही ६(छ) वर्ष कैद सजाय गर्ने गरेको झापा जिल्ला अदालतको मिति २०६७।५।१४ को फैसला उल्टी गरी अभियोग दावीबाट प्रतिवादीहरूले सफाइ पाउने र प्रस्तुत वारदातलाई कुटपीटमा परिणत गरी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम सरोकारवाला व्यक्ति सकार गर्न आए वादी पक्ष कायम गरी प्रस्तुत मुद्दाको मिसिलबाट प्रचलित कानूनबमोजिम कारवाही र किनारा गर्नु भनी मिसिल झापा जिल्ला अदालतमा पठाई दिने ठहर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६८।२।२४ को फैसला मिलेको देखिँदा सदर हुने भई पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: दीपक ढकाल

इति संवत् २०७१ साल कात्तिक १७ गते रोज २ शुभम् ।

४

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा. न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-०७६९, ११६०, जीउ मास्ने बेच्ने, *उद्धवप्रसाद आचार्य वि. नेपाल सरकार, रामबहादुर भन्ने सानुकान्छा गिरी वि. नेपाल सरकार*

जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ लाई खारेज गरी हाल मानव बेच बिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लागू रहेको उक्त ऐनको दफा ३० मा जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ अन्तर्गत भए गरेका काम कारवाहीहरू यसै ऐनबमोजिम भए गरेको मानिने भनी निरन्तरता दिएको देखिन्छ । मानिस विदेशमा लगी बिक्री गरेको वारदात मिति २०५३।४।१७ भएको र जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ ले निषेध गरेको आपराधिक कार्य हुँदा हदम्यादको अवधि असिमित भएको प्रस्तुत वारदातमा वारदात हुँदा तत्काल बहाल रहेको जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ आकर्षित हुने ।

जाहेरवालाको श्रीमती पीडित मैयाँ गिरीलाई पुनरावेदक प्रतिवादी उद्धवप्रसाद आचार्यसँग विवाह गर्ने भनी ललाई फकाई भारतमा लगी प्रतिवादी मानबहादुर तामाङ र विमला तामाङले सञ्चालन गरेको वेश्यालय कोठीमा लगी भा.रू.२७,५००।– मा बिक्री गरेका हौं भनी पुनरावेदक प्रतिवादीहरूले आपसमा पोल गरी आफूसमेत कसुरमा साबित भई अधिकारप्राप्त अधिकारीसमक्ष साबिती भई बयान गरेको देखिन्छ । आपराधिक कार्यमा संलग्न भएका भनी आरोप लागेका अभियुक्तहरूले

किटानीपूर्वक एकापसमा पोल गरी बयान गरेबाट निज प्रतिवादीहरूको वारदातमा संलग्नता थिएन भन्न नमिल्ने ।

प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) बमोजिम वारदातका पीडित व्यक्तिले वारदातपश्चात वारदातको विषयमा व्यक्त गरेको कुरा प्रमाणयोग्य हुने हुँदा त्यस्तो प्रमाण ग्राह्य नभएको भन्ने प्रतिवादीहरूको जिकिर कानूनसम्मत देखिन नआउने ।

पीडित मैयाँ गिरीलाई भारतको वेश्यालयमा लगी भा.रू. २७,५००।– मा बिक्री गरेको भनी यी प्रतिवादीहरू प्रहरीसमक्ष आरोपित कसुरमा मुख साबित रहेका र अदालतमा बयान गर्दा विवाह गरी काठमाडौं लगेको भनी उल्लेख गरे पनि निज पीडितको हालको अवस्था प्रतिवादीहरूले प्रकाश नगरेबाट ललाई फकाई विवाह गर्ने झुट्टा आश्वासनमा पारी आफ्नो कब्जामा लिई निज पीडितको घरबाट छुटाई लगेको देखिएको छ । प्रतिवादीहरूको उक्त कार्य निरपेक्ष दायित्वअन्तर्गतको अपराध भएबाट आफू निर्दोष रहेको भन्ने प्रमाणको भार प्रतिवादीहरूले पुर्‍याउनुपर्ने ।

प्रहरी र अदालतसमक्ष प्रतिवादीहरूले गरेको बयानबाट निज प्रतिवादीहरूले मैयाँ गिरीलाई २०५३।४।१७ मा विवाह गर्ने प्रलोभन देखाई आफ्नो कब्जामा लिएपछि निजको अवस्था हालसम्म अज्ञात रहेको र प्रतिवादीहरूले त्यसरी आफूले कब्जामा लिएकी व्यक्तिलाई प्रकाश नपारेबाट प्रतिवादीहरूकै कार्यबाट निजको अवस्था अज्ञात रहेको र प्रतिवादीहरूले आफ्नो निर्दोषिता स्थापित गर्न नसकेबाट प्रतिवादीहरूले दावीबमोजिम कसुर गरेको देखिन आउने ।

पहिलो मुद्दामा कैद भुक्तान भई कैदबाट छुटेपछि अर्को वारदातमा अभियोग दायर भई भएको फैसलाबमोजिम कैद सजाय भोगिरहेको हुँदा उक्त सजाय निर्धारण गरिएको निर्णयलाई दण्ड सजायको महलको ४१ नं.को प्रतिकूल मान्न मिल्ने नदेखिने ।

बेग्लाबेग्लै वारदात भई चलेका बेग्लाबेग्लै मुद्दामा फरकफरक मितिमा फैसला भएका र पहिलो मुद्दामा लागेको कैद भुक्तान भएपछि पछिल्लो मुद्दा दायर भएको त्यस्तो स्थितिमा अघिल्लो मुद्दामा ठहर भएको कैद सजायबमोजिम कैदमा बसेको अवधिलाई पछिल्लो मुद्दामा लागेको कैद असुल गर्ने प्रयोजनले गणना गर्न मिल्ने नदेखिने ।

सजायको न्यूनतम् र अधिकतम् हद ऐनले नै निर्धारण गरी कसुरको अनुपातमा सजाय निर्धारण गर्ने तजबिजी अधिकार अदालतलाई प्रदान गरेको अवस्था हुँदा कसुरको गम्भीरताको आधारमा सजाय निर्धारण गर्नुपर्ने ।

पुनरावेदक प्रतिवादीहरूले जाहेरवालाको श्रीमती पीडित मैयाँ गिरीलाई भारतको कलकत्तास्थित वेश्यालयमा लगी भा.रू.२७,५००।– मा बिक्री गरी तत्कालीन जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(क) को कसुर गरेको पुष्टि हुन आएको हुँदा प्रतिवादीहरूलाई सोही ऐनको दफा ८(५) बमोजिम जनही रू. ४४,०००।– जरिवाना गरेको मकवानपुर जिल्ला अदालतको मिति २०६६।१।२८ को फैसला सो हदसम्म सदर

गरी कैद सजायको हकमा १९ वर्ष कैद सजाय हुने ठहर गरेको सो हदसम्म केही उल्टी गरी प्रतिवादीहरू उद्धवप्रसाद आचार्य र रामबहादुर भन्ने सानुकान्छा गिरीलाई जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) बमोजिम जनही १२ वर्षको दरले कैद सजाय हुने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।६।१२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: दीपक ढकाल

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल कात्तिक १७ गते रोज २ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल**, ०६८-CI-०१७०, निषेधाज्ञा, *सुभाषचन्द्र संघई वि. जिल्ला विकास समितिको कार्यालय, इलामसमेत*

चिया बगान क्षेत्रमा निवेदक कम्पनीलाई असर पर्ने किसिमबाट बाटो निर्माण गर्ने कार्य सम्पन्न भइसकेको र यसपछि त्यसप्रकारको अरू कुनै कम्पनीलाई असर पर्ने किसिमबाट बाटो निर्माण वा अन्य काम वा क्रियाकलापहरू हुन लागेको आशङ्का उब्जाउने भरपर्दो र विश्वसनीय प्रमाण मिसिल संलग्न रहे भएको नपाइँदा बाटो निर्माण गर्नेलगायतका काम सम्पन्न भइसकेको अवस्थामा निषेधाज्ञा जारी नहुने गरी भएको पुनरावेदन अदालत, इलामको मिति २०६८।२।४ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अनिलकुमार शर्मा

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल वैशाख २५ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की,** ०७०-WH-००७३, बन्दीप्रत्यक्षीकरण, *गोकुलबहादुर खुलालसमेत वि. महानगरीय प्रहरी परिसर ललितपुरसमेत*

निवेदक गोकुलबहादुर खुलाललाई प्रहरीले खोजतलास गर्दै गरेको भन्ने लिखित जवाफ भए तापनि निज पक्राउ परेको नै नदेखिएको अवस्थामा पक्राउ परेको र गैरकानूनी थुनामा राखिएको भनी निवेदकले भन्छ भने सो कुरा पुष्टि गर्ने दायित्व निवेदककै हुन्छ। प्रस्तुत मुद्दामा गोकुलबहादुर खुलाललाई पक्राउ गरी कहाँ कुन अवस्थामा के कसरी राखिएको छ भन्ने सम्बन्धमा निवेदकबाट पुष्टि भएको अवस्था नदेखिएकाले पक्राउ नै नपरेको व्यक्तिका विरूद्ध बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्नुका साथै अर्का निवेदक देवी खुलाल कानूनबमोजिम अनुसन्धानका क्रममा न्यायिक हिरासतमा रहेको व्यक्तिका विरूद्ध अनुसन्धानको प्रक्रियामा नै हस्तक्षेप गर्ने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने भएबाट निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृतः टीकाभूषण घिमिरे

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल असार ३२ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट**, ०७०-WH-००२१, बन्दीप्रत्यक्षीकरण, *कपिलदेव थापाको हकमा सरस्वती थापा वि. महानगरीय प्रहरी परिसर, हनुमानढोकासमेत*

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १५(४) बमोजिम निवेदक/प्रतिवादी विरूद्ध चलेको विद्युतीय कारोबार ऐनअन्तर्गतको मुद्दामा बाँकी अनुसन्धान गर्न म्याद थप भएको भन्ने काठमाडौं जिल्ला अदालतको लिखित जवाफसमेतबाट यी निवेदकलाई कानूनबमोजिम अधिकारप्राप्त र मुद्दाको सुनुवाइ गर्न पाउने क्षेत्राधिकारयुक्त न्यायिक निकायबाट आरोपित अपराधको अनुसन्धानका लागि म्याद थप भई थुनामा राखेको भन्ने देखिएकाले त्यसरी राखेको थुनालाई गैरकानूनी हिरासत भन्न मिल्ने देखिएन । तसर्थ निवेदन मागबमोजिम निवेदकको संवैधानिक तथा कानूनी अधिकारमा हस्तक्षेप भई गैरकानूनी थुनामा राखिएको अवस्था नदेखिएबाट रिट निवेदक मागबमोजिम निवेदकको संवैधानिक तथा कानूनी अधिकारमा हस्तक्षेप भई गैरकानूनी थुनामा राखिएको अवस्था नदेखिएबाट रिट निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: टीकाभूषण घिमिरे

इति संवत् २०७० साल कात्तिक ८ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की**, ०७०-WO-०२३५, उत्प्रेषण/परमादेश, *अधिवक्ता हेममणि सुवेदी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

विपक्षीहरूको लिखित जवाफबाट बर्डफ्लु रोग नियन्त्रण आदेश, २०६४ बमोजिमको सम्पूर्ण प्रक्रिया पुर्‍याई, पन्छीजन्य पदार्थ नष्ट गर्ने, निसंक्रमण गर्ने, खोजतलास गर्ने सूचना दिनेलाई पुरस्कार दिनेलगायतका कामकारवाही गरी बर्ड फ्लु रोग नियन्त्रणमा आइसकेपछि पूर्व मितिमा लगाइएको प्रतिबन्ध फुकुवा गरी पन्छी र पन्छीजन्य पदार्थ ओसारपसार गर्ने प्रतिबन्ध फुकुवा गरेको भन्ने देखिन्छ । यसबाट बर्ड फ्लु रोग संक्रमित अवस्थामा नै ढुवानी खुल्ला नगरेको भन्ने देखिन्छ । यसबाट बर्डफ्लु रोग संक्रमित अवस्थामा नै ढुवानी खुल्ला नगरेको भन्ने देखिन आयो । उक्त तथ्य वस्तुनिष्ठ ढङ्गबाट खण्डन नभएकाले तथा संक्रमण निरन्तररूपमा हालसम्म कायम रहेको भन्ने जिकिर पनि नरहेकाले निवेदन मागबमोजिम आदेश निरन्तररूपमा हालसम्म कायम रहेको भन्ने जिकिर पनि नरहेकाले निवेदन मागबमोजिम आदेश जारी गर्नुको औचित्यसमेत नदेखिने ।

बर्ड फ्लु संक्रमण जनस्वास्थ्यको संवेदनशील विषयवस्तु भएकाले सबै निरोधात्मक उपाय आन्तरिक स्तरमा गर्नुपर्ने हुन्छ । बर्ड फ्लु रोग नियन्त्रण आदेश, २०६४ जारी भै सोबमोजिम कार्य गरिरहेको भन्ने लिखित जवाफ छ । सोको कुनै व्यवस्थाको संवैधानिकता वा औचित्यमा प्रश्न उठाइएको पाइँदैन । भइरहेको व्यवस्थाअन्तर्गतको ढुवानी फुकुवाको अवधिको हकमा वैज्ञानिक निश्चितताको आधारमा निर्णय

गर्न नसकिने नहुँदा ढुवानी प्रतिबन्धका लागि यति नै अवधि अनिवार्यरूपमा निर्धारण गर्नुपर्छ भन्न पनि मिल्ने देखिँदैन । अत: रिट निवेदनको मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था नभएकाले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: टीकाभूषण घिमिरे

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७० साल मङ्सिर २५ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी**, ०६९-WO-१३५८, परमादेश, *दयानन्द मिश्रसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

मागबमोजिमको रकमका सम्बन्धमा शिक्षा विभागबाट रकम निकासाको लागि माग गरेको भनेको र रकम निकासा माग गरी पत्राचार भइरहेको स्थिति देखिएकाले अवकाशप्राप्त शिक्षकको सञ्चित घरबिदाबापत प्राप्त हुने सुविधा जस्तो विषयमा पनि विपक्षीहरूले सो कार्यमा तदारूखता नदेखाई निकासा नदिई झुलाई राख्नु अनुचित मात्र नभई विपक्षीहरू गैरकानूनीरूपले दायित्वप्रति उदासीन भई लापरवाही गरेको मान्नुपर्ने हुँदा निवेदकहरूलाई लगाइएको सेवा सार्वजनिक सेवाअन्तर्गतकै रहेको हुँदा निवेदकहरूले माग गरेको कानूनबमोजिम जम्मा हुन आउने सञ्चित घरबिदाबापतको रकम हिसाब गरी विलम्ब निकासा दिनुपर्नेमा विपक्षी निकायहरूबाट अनुचित विलम्ब गरेकोसमेत देखिँदा यी निवेदकहरूको मागबमोजिमको घरबिदाबापतको सञ्चित रकम अविलम्ब भुक्तानी दिनु दिलाउनु भनी विपक्षी शिक्षा विभागसमेतका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ २७ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CI-११७०, उत्प्रेषण, *भोजप्रसाद मण्डल वि. जिल्ला शिक्षा कार्यालय, राजविराज, सप्तरीसमेत*

रिट निवेदकलाई नियुक्ति दिँदा नै २०६८ चैत्र मसान्तसम्म भनी बढीमा एक वर्षको लागि करारमा नियुक्ति गरिएको भन्ने कुरा प्रमाणको रूपमा आएको श्री आदर्श सरस्वती प्राथमिक विद्यालय, लौवापारको फायल संलग्न रिट निवेदकको नाउँको मिति २०६८।०२।२६ को नियुक्तिपत्रको प्रतिलिपिबाट देखिएकाले निज पुनरावेदक निवेदकलाई शिक्षकको पदमा नियुक्ति गरिएको अवधि नै व्यतीत भइसकेको देखिएको अवस्थामा रिट जारी गर्नुको औचित्य नै नरहेको देखिने ।

प्रस्तुत मुद्दा र सो मुद्दाको विषयवस्तुसमेत एउटै भएकाले सो मुद्दामा गरिएको व्याख्या एवम् विश्लेषणको आधारमा प्रस्तुत मुद्दामा समेत निवेदकको मागबमोजिमको उत्प्रेषणको आदेश जारी गर्न नमिल्ने भनी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६९।७।१९ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक रिट निवेदकको पुनरावेदन जिकिर

पुग्न नसक्ने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ १९ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय**, ०६६-CI-०५७८, लिखत बदर मिलापत्र बदर, *दिनाई माझी वि. बेचन खड्गासमेत*

वादीले आफूले राजीनामा गरी लिएको जग्गामा दोहोरो तेहोरो लिखत खडा भइसकेकोमा थाहा नपनाएको भनी २०३३ साल र २०४५ सालमा पारित लिखतलाई बदर गरी माग्न मिति २०५८/१/२३ मा उक्त कार्यक्रमहरूको नक्कल सारी थाहा भएको भनी मिति २०५८।१।२५ मा मात्रै फिराद लिई अदालत प्रवेश गरेको देखिन्छ । यस्तो अवस्थामा वादी कानूनले निर्धारण गरेको हदम्यादभित्र अदालत प्रवेश गरेको भन्न नमिल्ने ।

प्रस्तुत मुद्दामा दोहोरो लिखतको मात्रै प्रश्न नरही तेस्रो लिखत खडा भई तेस्रो व्यक्तिले वादीदाबीको जग्गामा घर निर्माणसमेत गरी बसी सकेको कुरालाई उक्त ठाउँमा बसोवास गर्ने यी वादीलाई थाहा जानकारी नै भएन होला भन्ने कुरा पनि विश्वासयोग्य देखिँदैन । फेरि आफूले लिएको जग्गामा दोहोरो तेहोरो लिखत खडा भइसकेकोमा कानूनमा उजुर गर्ने हदम्याद निश्चित भइरहेकोलाई सो विषयमा जहिलेसुकै उजुर गर्न मिल्छ भन्ने अर्थ गरी हदम्याद नघाई फिराद गर्न आउने वादीलाई कानूनले जहिलेसुकै पनि सहयोग गर्नसक्छ भन्न मिल्दैन । आफ्नो सम्पत्ति नोक्सान भएकोमा पनि समयमै नालिस गरी उपचार माग्न नजानेलाई कानूनले पर्खिरहन नसक्ने ।

कुनै अमुक कुरामा नालिस गर्नको लागि कानूनमा निश्चित भएको हदम्यादलाई व्यक्तिको सुविधालाई हेरेर खुम्च्याउन र विस्तार गर्न सकिने कुरा पनि हुँदैन । हदम्यादको सिद्धान्त अनिश्चततातर्फ नभई निश्चिततातर्फ नै लक्षित रहेको हुन्छ । लेनदेन व्यवहारको ४० नं. को व्यवस्था प्रस्तुत मुद्दामा आकर्षित नहुने भन्न मिल्दैन । आफूले २०३३ सालमा राजीनामा गरी लिएको जग्गा सोही सालमा दोस्रो व्यक्तिलाई र दोस्रो व्यक्तिले पनि २०४५ सालमा लिखत गरी तेस्रो व्यक्तिलाई बिक्री गरी सो जग्गामा तेस्रो व्यक्तिले घर निर्माण गरी सक्दा पनि उक्त कुरा धेरैपछि मात्रै थाहा भएको भन्ने वादीको भनाइको आधारमा लिखत भए गरेको मितिले २ वर्ष भित्र नालिस गरिसक्नुपर्ने लेनदेन व्यवहारको महलको ४० नं. को हदम्याद पनि सोही वादीलाई सुविधा हुने गरी विस्तारित हुँदै जाने भन्ने कुरा पनि नहुने ।

प्रस्तुत मुद्दामा जग्गा पजनीको महलको २(क) नं. को व्याख्याको प्रश्न पनि उपस्थित भएको देखिन्छ । उक्त जग्गा पजनीको महलको २(क) को कानूनी व्यवस्थाअनुसार दाताको दर्ता हक कायम रहेसम्म निजको नामबाट जहिलेसुकै दा.खा. नामसारी गरी माग्नलाई नालिस गर्ने हदम्याद कायम रहने भन्ने हो । तर यो कानूनी व्यवस्थाको अर्थ दाताबाट अर्कै व्यक्तिको नाममा जग्गा हक हस्तान्तरण भई दर्ता स्रेस्ता अर्कै व्यक्तिको नाममा बनिसकेको अवस्थामा पनि जहिलेसुकै उक्त जग्गामा दावी गरी दा.खा.

दर्ता गरी माग्न नजाने गरी हदम्यादको विस्तार भएको छ भन्न मिल्दैन । तर वादीले राजीनामा गरी लिएको ०-३-८ को जग्गामध्येबाट दाताले दोहोरो लिखत गरी ०-२-१२-० जग्गा प्रतिवादीमध्येको बेचन खड्गालाई बिक्री गरी बाँकी रहेको ०-०-१६ जग्गामा वादीको दावी पुग्ने नपुग्ने सम्बन्धमा सम्म विचार गर्नुपर्ने देखिएको छ । उक्त १६ धुर जग्गा वादीका दाता स्व.दानी खिडहरिका छोराहरू प्रतिवादीमध्येका सुरेन्द्र, महेन्द्र र वीरेन्द्रले मिति २०५६।११।२९ मा अंश मुद्दामा मिलापत्र गरी लिएको अवस्था भए पनि दाताको हक खाने छोराहरूकै नाममा उक्त जग्गा बाँकी रहेको देखिन आएको हुँदा सो जग्गासम्ममा वादीलाई फिराद गर्न हदम्याद नरहने भन्न नमिल्ने ।

वादीलाई बिक्री गरेको जग्गामध्येबाट बेचन खड्गालाई दोहरो लिखत खडा गरी बिक्री गरी बाँकी रहेको जग्गामा नै वादीका दाता दानी खिडहरिका छोराहरूले परस्परमा अंश मुद्दामा मिलापत्र गरी हक प्राप्त गरेको अवस्था देखिनुको साथै उक्त जग्गा वादीले दानी खिडहरीबाट मिति २०३३।१२।५ मा र.नं. १६७३ बाट खरिद गरी लिएको ०-३-८ जग्गामध्येकै प्रतिवादीमध्येको बेचन खड्गालाई बिक्री गरेर बाँकी रहेको जग्गा देखिएको र सो जग्गा वादीका दाताका हक खाने छोराहरूको नाउँमा कायम रही रहेको अवस्थामा त्यस्तो जग्गा मिति २०५६।११।२९ मा मिलापत्र गरी लिएको कुरा यी वादीले मिति २०५८।१।९ मा नक्कल सारी थाहा पाएको भनी अ.बं. ८६ नं. को हदम्याद देखाई मिति २०५८।१।२५ मा गरेको फिराद दावीलाई हदम्यादभित्र नपरेको भनी खारेज गर्न नमिल्ने ।

प्रतिवादीमध्येका सुरेन्द्र,महेन्द्र र वीरेन्द्रले मिति २०५६।११।२९ मा अंश मुद्दामा मिलापत्र गरी हक प्राप्त गरेको सो मिलापत्रमा उल्लिखित ०-०-१६ जग्गाको हदसम्म सो मिति २०५६।११।२९ को मिलापत्र बदर भई वादीको हक स्थापित हुने भनी गरेको पुनरावेदन अदालत, राजविराजको फैसला न्यायको रोहमा मिलेकै देखिन आई परिवर्तन गर्न नपर्ने ।

मिलापत्र बदरको दावीका सम्बन्धमा इन्साफ गर्नुपर्नेमा पूरै वादी दावी खारेज गरेको सुरू सप्तरी जिल्ला अदालतको मिति २०५९/१/३ को फैसला सो हदसम्म मिलेको नदेखिएकाले केही उल्टी गरी मिति २०५६/११/२९ को मिलापत्रमा उल्लेखित ०-०-१६ धुर जग्गाको हदसम्म सो मिलापत्र बदर भई त्यसमा वादीको हक कायम दर्तासमेत हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६०।३।९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । अन्य कुरामा वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ १९ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CI-०९२८, परमादेश, *डा.वीरेन्द्रबहादुर चन्दसमेत वि.डा. विमलप्रसाद ढकाल*

सरकारी स्रोतबाट तलब भत्ता खाने एकै किसिमको काम गर्ने कर्मचारीहरूका बीचमा कसैलाई भत्ता दिने र कसैलाई नदिने गरी विभेदकारी नीति नअपनाई कायम राख्न, सरकारी खर्चमा मितव्ययिता कायम गर्ने उद्देश्यले बीचैमा दिन बन्द गर्न र पुनः दिन सुरू गर्नसक्ने नै हुन्छ । सरकारी आय व्ययको विश्लेषणको आधारमा सरकारी खर्चमा मितव्ययिता अपनाउन अख्तियार गरेको नीतिमा अदालतले हस्तक्षेपसमेत नगर्ने ।

सरकारी आर्थिक नीतिअनुसार कटौती गरिएको भत्ता विपक्षी अस्पताल विकास समितिले निर्णय गरेर प्रदान गर्नसक्ने भन्ने अवस्था नहुँदा रिट निवेदकहरूले दावी गरेको प्रोत्साहन भत्ता दिनु भनी आदेश गर्न नमिल्ने भएबाट रिट निवेदन खारेज गरेको पुनरावेदन अदालत, नेपालगन्जको आदेशलाई अन्यथा भन्न नमिल्ने ।

नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०६५।५।२१ मा स्वीकृत भएको सरकारी खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका, २०६५ को दफा ८ ले निवेदकहरूले माग गरेको भत्ता खारेज गरिसकेको अवस्थामा निवेदकहरूको माग दावीबमोजिम परमादेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिएको भनी निवेदकहरूको निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६८/१०/११ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । रिट निवेदकहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ १९ रोज २ शुभम् ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. गोविन्दकुमार उपाध्याय,** ०६९-CI-११६९, निषेधाज्ञा/परमादेश, *भोजप्रसाद मण्डल वि.आदर्श सरस्वती प्राथमिक विद्यालय, लौवापारको प्र.अ.रीतादेवी मण्डलसमेत*

रिट निवेदकले आफूलाई विद्यालय व्यवस्थापन समितिको निर्णय गराएर नियुक्ति गरिएको भन्न सकेको देखिँदैन । विपक्षी जिल्ला शिक्षा कार्यालय, सप्तरीले पेस गरेको लिखित जवाफमा रिट निवेदक शिक्षकको रूपमै नभएको भनेको छ । मिसिल संलग्न श्री आदर्श सरस्वती प्राथमिक विद्यालय,लौवापारको फायल संलग्न रिट निवेदकको नाउको मिति २०६८।२।२६ को नियुक्तिपत्रको प्रतिलिपिमा विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार तपाईलाई राहत अनुदान कोटामा निकासाअनुसारको तलब भत्ता पाउने गरी प्राथमिक राहत शिक्षक पदमा मिति २०६८ चैत्र मसान्तसम्म बढीमा एक वर्षको लागि करारमा नियुक्ति गरिएको भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । सो पत्रको आधारमा रिट निवेदकलाई शिक्षकको पदमा नियुक्ति गरिएको अवधि नै व्यतीत भइसकेको अवस्था देखिँदा अब रिट जारी गर्नुको औचित्य नै नभएकाले पुनरावेदन अदालत, राजविराजको आदेशमा कुनै परिवर्तन गर्नु नपर्ने ।

रिट निवेदकको मागअनुसारको आदेश जारी गर्न मिलेन भनी रिट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६९।७।१९ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक रिट निवेदकको

पुनरावेदन जिकिर पुग्न नसक्ने ।
इजलास अधिकृतः बाबुराम सुवेदी
कम्प्युटर: कल्पना बर्तौला
इति संवत् २०७१ साल जेठ १९ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-०१६०, अनधिकृत कब्जा हटाई बहाल दिलाई घर खाली गराई चलन चलाई पाऊँ, नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा सप्तरी, राजविराजसमेत वि.डा. सत्यदेव गिरी

अस्पतालले सुरू अदालतमा पेस गरेको फिरादमा नै विपक्षीले पूर्णरूपमा रक्त सञ्चार सेवा सञ्चालन गर्न नसकेको भनी उल्लेख गर्न सकेको पाइएन । उपलब्ध गराएको जग्गामा बनाइएको स्टल रक्त सञ्चार सेवाका लागि खर्च नगरी अन्यत्र खर्च गर्ने गरेको र आयव्ययको विवरण अस्पताललाई उपलब्ध नगराएको भनी दावी गरे तापनि प्राप्त आम्दानी रक्त सञ्चार सेवाबाहेक अन्यत्र खर्च गरी रकम दुरूपयोग गरेको देखिने एवम् आयव्ययको विवरण सार्वजनिक नभएको भन्ने पुष्टि हुने प्रमाण पेस हुन सकेको पाइएन । भवन स्टलहरूलाई भाडा दिँदा प्राप्त हुने रकम अस्पताललाई बुझाउनुपर्ने भन्ने जस्ता विषयमा निर्णय भएको नदेखिएको तथा अस्पताल विकास समिति र नेपाल रेडक्रस सोसाइटी सप्तरीबीच त्यस्तो कुनै सहमतिसमेत भएको नदेखिएको अवस्थामा यत्तिकै आधारमा रेडक्रस सोसाइटीलाई प्रदान गरिएको जग्गालाई अस्पताल विकास समितिले पुनः आफूले प्राप्त गर्नसक्ने नदेखिने ।

सगरमाथा अञ्चल अस्पताल विकास समितिको मिति २०५०/५/२ को निर्णयअनुसार नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा सप्तरीबाट सञ्चालन हुने रक्त सञ्चार सेवा केन्द्रको लागि घर उपभोग गर्नसमेत दिएको सर्तहरूको अधीनमा रही रेडक्रस संस्थाले उपभोग गर्न सक्ने नै हुँदा सोमा आपसी सहमतिबाट अन्यथा नभएको अवस्थामा उक्त संस्थाको कब्जा हटाउन वा अस्पतालले हस्तक्षेप गर्न मिल्ने देखिँदैन । अस्पतालले नै भाडामा लगाउन पाउने र सोमा अस्पतालकै हक हुने भनी गरिएको पुनरावेदन अदालत, राजविराजको मिति २०६९।२।२ को फैसला मिलेको नदेखिँदा उल्टी हुने ।

इजलास अधिकृतःअनिल कुमार शर्मा
कम्प्युटरः कल्पना बर्तौला
इति संवत् २०७१ साल असार २४ गते रोज ३ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री दीपकराज जोशी,** ०६७-WO-१११९, उत्प्रेषण/परमादेश, *क्रान्तिकुमार मास्के वि. मथुराप्रसाद मास्केसमेत*

रिट निवेदकले विपक्षी मथुराप्रसाद मास्केसमेतउपर काठमाडौं जिल्ला अदालतमा दायर गरेको दे.नं. ४७३० को अंश दा.खा. दर्ता र सोसँग सम्बन्धित मुद्दा निर्णय हुँदाका अवस्थामा निवेदकले उठाएको अ.बं. १७१क नं. एवम् अन्य

प्रमाणहरूसमेतको विचार गरी न्याय निष्कर्षमा पुग्नसक्ने नै देखिएकाले तल्लो अदालतमा विचाराधीन रहिरहेको मुद्दाका सम्बन्धमा यस अदालतबाट तत्काल हस्तक्षेप गरिरहनुपर्ने अवस्था देखिन आएन। तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: फणिन्द्र पराजुली

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल फागुन २५ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-०३०२, ०४३७, कर्तव्य ज्यान, *सन्तोष बस्नेत वि. नेपाल सरकार, नेपाल सरकार वि. रिनाकुमारी बस्नेतसमेत*

प्रस्तुत वारदातमा यी प्रतिवादी र मृतकबीच पूर्व रिसइबी रहेको वा मृतकलाई जोखिमी हतियारले प्रहार गरी जानीजानी मनसायपूर्वक कर्तव्य गरी मारेको अवस्था देखिँदैन । मृतकलाई यी प्रतिवादीले सम्झाउन खोज्दा उल्टै निहुँ खोजी प्रतिवादीलाई नै मृतकले कुट्न खोजेकाले उसै मौकामा रिस उठी प्रतिवादीले हातले मृतकलाई धकेली दिँदा मृतकको टाउको टेबलमा ठोक्किन पुगी चोट लागी निजको मृत्यु भएको अवस्था देखिन आएकाले प्रस्तुत वारदातमा ज्यानसम्बन्धीको महलको १३(३) नं. आकर्षित हुने नभै ऐ महलको १४ नं. मा वर्णित आवेशप्रेरित हत्याअन्तर्गतको देखिन आएकाले सोहीअनुसार निज प्रतिवादीलाई १० वर्ष कैद गर्ने गरी भएको पुनरावेदन अदालतको फैसला अन्यथा हुनसक्ने नदेखिने।

प्रस्तुत मुद्दामा प्रतिवादी रिनाकुमारी बस्नेतको अभियोग दावीबमोजिमको संलग्नता पुष्टि नभएको अर्का प्रतिवादी सन्तोष बस्नेतको मृतकसँग पूर्व रिसइबी रहेको भन्ने कुरा नदेखिएको, वारदातको रूप हेर्दा मृतकलाई धकेल्दा चोट लागी सोही कारणबाट मृतकको मृत्यु भएको देखिँदा उक्त कार्य आवेशप्रेरित मात्र भएको देखिनाले प्रतिवादी रिनाकुमारी बस्नेतले आरोपित कसुरबाट सफाइ पाउने र प्रतिवादी सन्तोषकुमार बस्नेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहऱ्याएको सुरू झापा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६८।२।१६ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी प्रतिवादी दुबै पक्षको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: टेकराज जोशी

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल माघ १२ गते रोज २ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६६-CR-००९१, ०३३१, ०८६१, ०८९१, *वन पैदावार नोक्सान, नेपाल सरकार वि. लेखराज डागसमेत, भीमप्रसाद*

*पौडेल वि. नेपाल सरकार, श्याममणिप्रसाद मण्डल वि. नेपाल सरकार, जिवछ यादव वि. नेपाल सरकार*

पुनरावेदन गर्न पाउने हक कानूनी हक भएकाले मुद्दाका सम्बन्धित पक्षलाई कानूनबमोजिम पुनरावेदन गर्नु भनी कुनै पनि माध्यमबाट जारी गरिएको म्याद सम्बन्धित पक्षले प्राप्त गरेको छ भने सोही मितिबाट पुनरावेदन गर्ने म्याद सुरू हुन्छ । म्याद जारी नगरिएको अवस्थामा सम्बन्धित पक्षले अर्को माध्यमद्वारा फैसलाको नक्कल लिएको छ भने सो नक्कल लिएको मितिबाट पुनरावेदन म्याद सुरू हुने हुँदा पक्षले पहिला कुन माध्यमबाट जानकारी पाएको छ त्यो बाट नै पुनरावेदन गर्ने दिनको गणना हुने ।

पुनरावेदन गर्ने म्याद प्राप्त भएपछि नक्कल लिएको मितिलाई आधिकारिक मान्ने हो भने पुनरावेदनको म्याद जारी गर्नुको कुनै औचित्य नै नरहने र कानूनमा भएको पुनरावेदनसम्बन्धी कानूनी व्यवस्था नै पराजित हुनजाने हुँदा पक्षले जुन माध्यमबाट पहिला जानकारी प्राप्त गरेको छ सो मितिबाट नै पुनरावेदनको म्याद सुरू हुने हो तर फैसलाको आधिकारिक जानकारी प्राप्त गरेपश्चात पुनः फैसलाको नक्कल लिई पुनरावेदनको म्याद कायम गरी दायर हुन आएको वादी नेपाल सरकारको पुनरावेदन कानूनसम्मत देखिन नआउने ।

जिल्ला वन कार्यालय, बाँकेले मिति २०६०।१२।१६ मा पुनरावेदनको म्याद बुझेकोलाई वादी नेपाल सरकारको तर्फबाट अन्यथा भन्न सकेको अवस्था समेत नहुँदा मिति २०६०।१२।१६ मा पुनरावेदनको म्याद पाएकोमा सो मितिले वन ऐन, २०४९ को दफा ६५ मा उल्लिखित ३५ दिनको म्यादभित्र वादी नेपाल सरकारको पुनरावेदन परेको नदेखिँदा सोही आधारमा पुनरावेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६६।१२।२५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

बरामद भएको काठहरूमा टाँचा लागेको र छोडपुर्जीसमेत भएकाले भाडाका ट्रकहरूमा पोखरातर्फ लैजाँदै गरेको कुरा ट्रकका चालक, भीष्मनाथ कुँवर, शालिकराम के.सी., तेजबहादुर कुँवरको मौकामा भएको कागजहरूबाट देखिएको हुँदा उक्त काठको जाँचबुझ गरी व.वि. १०३ को टाँचा लगाउने काममा पुनरावेदक प्रतिवादी श्याममणिप्रसाद मण्डल, भीमप्रसाद पौडेल समेत संलग्न रहेको कुरामा अन्यथा नदेखिने ।

बरामद भएका काठहरू जिल्ला वन कार्यालय बाँकेबाट प्राप्त छोडपुर्जी बाहेक अन्य कहीं कतैबाट लोड गरिएको कुनै प्रकारको टाँचा लागेको भन्ने देखिएको छैन । तसर्थ बरामद भएका काठहरू यी प्रतिवादीहरूले व.वि. टाँचा समेत लगाई पठाएका काठ बाहेकको काठ हो भनी तर्क गर्न मिल्ने देखिन नआउने ।

९४४.२६ क्यु फिट काठको छोडपुर्जी अनुसार सोही परिमाणमा सीमित रही बिक्री टाँचा लगाई पठाउनु पर्नेमा १४२१ क्यु फिट भन्दा बढी काठमा टाँचा लगाई ४७६.७४ क्यु फिट भन्दा बढी हिसाब लुकाई नियतवश वन पैदावारको हानी नोक्सानी गरेको तथ्यमा

विवाद भएन । यस्तो स्थितिमा कर्मचारी भएको नाताले वन ऐन, २०४९ को दफा ४९ को कसुरमा कारवाही हुन नसक्ने भन्ने पुनरावेदक प्रतिवादीहरूको जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी भीमप्रसाद पौडेल, जिवछ यादव र श्याममणिप्रसाद मण्डलले वन ऐन, २०४९ को दफा ४९ को देहाय घ, ङ र ज को कसुर गरेको ठहर गरी सोही ऐनको दफा ५० को उपदफा (१) को खण्ड घ (४) बमोजिम बिगोको दोब्बर जरिवाना गर्ने गरेको हदसम्म सुरू बाँके जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, नेपालगन्जको फैसला मिलेकै देखिने ।

प्रतिवादीहरू अम्मरबहादुर डाँगी लगायतका १४ जनाको हकमा सुरू जिल्ला अदालतबाट सफाइ पाउने गरी भएको फैसलाउपर वादी नेपाल सरकारको पुनरावेदन म्यादभित्रको नहुँदा पुनरावेदन खारेज हुने र अन्य प्रतिवादीहरू भीमप्रसाद पौडेल, जिवछ यादव र श्याममणिप्रसाद मण्डलको हकमा वन ऐन, २०४९ को दफा ४९ को देहाय (घ) (ङ) र (ज) को कसुरमा ऐ.ऐनको दफा ५० को उपदफा (१) को खण्ड घ (४) बमोजिम बिगोको दोब्बर जरिवाना गरी जरिवाना हुने ठहर भएका प्रतिवादीहरूलाई दामासाही लगाई जरिवाना तोक्नुपर्नेमा अन्यथा गरेको हदसम्म बाँके जिल्ला अदालतको मिति २०६०।१०।२ को फैसला सो हदसम्म केही उल्टी हुने ठहऱ्याएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६६।१२।२५ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकार र प्रतिवादीहरू भीमप्रसाद पौडेल, श्याममणिप्रसाद मण्डल र जिवछ यादवको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः शकुन्तला कार्की

कम्प्युटर: गीता घिमिरे गिरी

इति संवत् २०७० साल माघ १२ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा. डा.श्री भरतबहादुर कार्की,** ०६८-CR-०४२३, ०६३९, ०६११, ०६१३, कर्तव्य ज्यान, *सुभाष श्रेष्ठसमेत वि. नेपाल सरकार, कल्पना मिजार वि. नेपाल सरकार, हेमन्त श्रेष्ठ वि. नेपाल सरकार, मधुसूदन श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादी हेमन्त श्रेष्ठले वारदातमा प्रयोग गरेको खुकुरीसमेत निजले आफ्नो बयानमा खुलाएको स्थान निजकै घरको मलखाल्डोमा लुकाएर राखेको कुरा घटनास्थल र बरामदी मुचुल्काबाट समेत भएको देखिएबाट घटनाको अवस्था प्रयोग भएका हतियार, घटनास्थल प्रकृति मुचुल्का र प्रतिवादीहरूको बयानसमेतबाट तत्कालको झगडाको कारणबाट वारदात भएको नभई प्रतिवादीहरूकै अन्तिम योजनाअनुसार योजनाबद्धरूपमा वारदात घटेको देखिँदा आफूहरू कसुरमा साबित रही अनुसन्धान र अदालतलाई सहयोग गरेको भनी सजाय कम हुनुपर्ने भन्ने निज प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन सकिने नदेखिने ।

अदालतमा उपस्थित भई बयान गर्दा मधुसूदनले म हेमन्त र सुभाष तीनजनालाई आउ माथि जाउँ भन्यो हामी तीनजना माथि जाँदा हामीलाई निजले दुर्गाबहादुर श्रेष्ठलाई आज जानुपर्छ भनेपछि मैले म त्यो काम गर्न सक्तिन

भनेको हो भनी संजय श्रेष्ठले बयान गरे पनि त्यस्तो असहमति प्रकट गरेको कुरा अन्य कोही कसैलाई सूचना गरी मृतकको ज्यान बचाउने कुनै कार्य गरेको भन्ने नदेखिँदा निजको सो इन्कारी बयानलाई स्वीकार योग्य मान्न नमिल्ने ।

सुभाष श्रेष्ठले अदालतसमक्ष बयान गर्दा मिति २०६४।५।१८ गते साँझ ७, ८ बजेतिर मधुसूदनले काम छ, तिमीहरू आउनु भनेको र जाँदा निजले दुर्गाबहादुरलाई मार्नुपर्छ भन्यो त्यसपछि हेमन्त अलि माथि गएको र म संजयसँग थिएँ । मधुसूदनले दुर्गाबहादुरलाई मार्ने कुरा गरेको र मधुसूदन कल्पनासँग थियो । संजय र म आफ्नो घरतिर लाग्यौँ । हेमन्त अलि माथि थियो । कल्पना मधुसूदनसँगै बसेको थियो भनेर उक्त वारदात स्थलमा उपस्थित रहेको कुरा स्वीकार गरी कसुरमा इन्कार रहे पनि घटनास्थलमा मौजुद रहेको र मार्नेसम्मको कुरा भएकोमा त्यसबारे कोही कसैलाई सूचना गरी मृतकको ज्यान बचाउने कुनै काम नगरेको अवस्थामा निजको इन्कारी बयानसमेत विश्वास लायक नदेखिँदा प्रतिवादी संजय श्रेष्ठ सुभाष श्रेष्ठले कसुरबाट सफाइ पाउँ भनी लिएको पुनरावेदन जिकिर मुनासिब देखिन नआउने ।

प्रतिवादीमध्येका संजय श्रेष्ठ र सुभाष श्रेष्ठले समेत अदालतमा बयान गर्दा कल्पना र मधुसूदन नागस्थान खोल्सामा सँगै थिए भनी कल्पनाको वारदात स्थलमा उपस्थित भएको कुरालाई उल्लेख गरेको पाइन्छ । यी प्रतिवादीले मधुसूदन र मृतकबीच मिलको विषयमा भएको रिसइबीको कारण थाहा पाएको र साँझमा खोल्सामा बोलाई मार्नेसम्मको घटना हुने योजना पहिले थाहा पाएको अवस्थामा मृतकलाई बोलाई ल्याउने र मार्ने कार्यमा पुर्‍याएको संयोग र कल्पना मिजारले मृतकलाई यी प्रतिवादी बोलाउनमा आफ्नो निर्दोष मनोभावना रहेको भनी लिएको जिकिर मनासिब नदेखिँदा सफाइ पाउँ भन्ने प्रतिवादी कल्पना मिजारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीहरूउपर किटानी जाहेरी परेको, मौकामा कागज गर्ने व्यक्तिले माथि विवेचित आधार प्रमाणबाट प्रतिवादीहरूमध्ये मधुसूदन श्रेष्ठ र हेमन्त श्रेष्ठले आरोपित कसुर गरेको प्रमाणित हुँदा निजलाई ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्म कैद गर्ने गरी र अन्य प्रतिवादीहरू कल्पना मिजार, सुभाष श्रेष्ठ, संजय श्रेष्ठलाई ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम जन्म कैदको सजाय गर्ने गरेको सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६७।१२।२२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

प्रतिवादीहरूले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिमको छुट्टै राय माग गरेको हकमा विचार गर्दा प्रस्तुत विवाद प्रतिवादी मधुसूदन श्रेष्ठ तथा प्रतिवादी कल्पना मिजारलगायतका सबै प्रतिवादीहरूबीच ४।५ दिनअगावै भएको योजना मुताबिक मिति २०६४।५।१८ गते साँझको समयमा मृतकलाई एकान्त स्थान बाँस झ्याङ्गमा बोलाई सबै प्रतिवादीहरू भई कुटपीट गरेका र प्रतिवादी मधुसूदनले चक्कु प्रहार गरेको प्रतिवादी हेमन्तले खुकुरी प्रहार गरेर निर्ममता पूर्वक मृतकको हत्या गरेको देखिन्छ । यसरी

षडयन्त्रपूर्वक क्रूर तरिकाले मारेको र सबैजना भई लासलाई ढिस्कोबाट तल पोखरीमा खसाली छाडेको वारदात पुष्टि हुन आएको छ । यस अवस्थामा वारदात भवितव्य हो कि भन्ने पनि नदेखिएको र मिसिल सलंग्न रहेका प्रमाणहरूबाट वारदातको अवस्था प्रतिवादीहरूकै योजना मुताबिक नै मृतकको मृत्यु भएको देखिँदा मुलुकी ऐन, अ.बं. १८८ नं. को राय प्रयोग गरी निजहरूलाई सजाय घटाउने कुरा मुनासिब हुने नदेखिने।

विवेचित आधार कारणबाट प्रतिवादीहरू हेमन्त श्रेष्ठ र मधुसूदन श्रेष्ठलाई सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको र अन्य प्रतिवादीहरूलाई जन्मकैद हुने ठहऱ्याएको सुरू अदालतको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः शकुन्तला कार्की

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल फागुन २१ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-WO-०६१४, उत्प्रेषण, *विश्वगोपाल कार्कीसमेत वि. काठमाडौं उपत्यका नगर विकास कार्यान्वयन समिति, ललितपुरसमेत*

मोहीयानी हक छुट्याउन पाउने आयोजनालाई भएको अधिकारबमोजिम नै छुट्याएपछि बाँकी रहेको जम्मा जग्गामध्येबाट एक/एक भाग स्व.गणेशबहादुरका चार भाइ छोरा वा तिनका सन्तानलाई एक/एक भाग हक लाग्ने प्रष्ट छ र त्यो एक/एक भागमध्येको एक भाग यी लिखित जवाफकर्ता विष्णुकुमार कार्कीको समेत हक निजको पिताको हकबाट नि:सृत हुने देखिने।

पुनरावेदक विश्वगोपाल कार्कीसमेत विरूद्ध विष्णुकुमार कार्की भएको संवत् २०६५ सालको दे.पु.नं. २९३ को मोही लगत कट्टा मुद्दा सर्वोच्च अदालतबाट मिति २०६६।५।५ मा अन्तिम फैसला भएको र सो फैसलाबाट यी विपक्षी बाबु वासुदेव कार्कीको मोहीयानी हक कायम भई निजको मृत्युपश्चात निजको छोरा कुमार भन्ने विष्णुकुमार कार्कीको स्वतः हक कायम हुने हुँदा त्यसै आधारमा कानूनसम्मत फैसलाको आधार लिई विपक्षी सैँबु आवास तथा सेवा विकास आयोजना समिति सैँबु, ललितपुरले प्राप्त गरेको प्रत्यायोजित अधिकार (Delegated Authority) को आधारमा निजलाई मोहीयानी हक प्रदान गरेको कि.नं. १९१ मध्येको ज.वि. ०-४-३ जग्गा निजको कानूनबमोजिम हक लाग्ने जग्गा भएकाले र विपक्षीहरूले त्यसमा दावी गर्न नपाउने देखिएको हुँदा उजुर गर्ने हकदैया (Locus Standi) रहे भएको देखिन नआउने।

साधारण अधिकारक्षेत्रअन्तर्गत सक्षम अदालतबाट तहतह फैसला भएपछि त्यसमा गम्भीर कानूनी त्रुटि भएको देखिएमा मात्र उक्त फैसलाउपर रिटक्षेत्र आकर्षित हुने हुन्छ । प्रस्तुत विवादमा त्यस प्रकारको गम्भीर कानूनी त्रुटि भएको अवस्थासमेत निवेदनमा प्रष्ट पार्न सकेको नदेखिँदा तथा यस अदालतबाट मोही लगत कट्टा मुद्दा अन्तिम भई बसेको अवस्थामा

फैसलाबमोजिम गर्नु सम्बन्धित पक्षको दायित्व हुने ।

हक अधिकार प्राप्त जग्गामा सम्बन्धित आयोजनाको सिफारिसको आधारमा छुट्ट्याई स्थायी प्रमाण पुर्जासमेत प्राप्त गरी सम्बन्धित नगर विकासबाट नक्सा पारित गरी बनाएको घर मागबमोजिम निजहरूको अंश हकलाई मारी निर्माण गरेको कार्य गैरकानूनी रूपमा गरेको भन्ने जिकिर पुग्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७१ साल कात्तिक ४ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको ०६७-WO-०६१५, उत्प्रेषण, *रामबहादुर कार्की वि. काठमाडौं उपत्यका नगर विकास कार्यान्वयन समिति, ललितपुरसमेत*

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CR-०१३७, ठगी, *दयाप्रसाद घिमिरे वि. नेपाल सरकार*

प्रतिवादीहरूले कि.नं. २५१ र २८७ का जग्गाहरू लिनेखाने उद्देश्यले आफ्नो हक नपुग्ने सम्पत्ति मेरो हो भनी अर्को मानिसको नाउँ मेरो हो भनी नक्कली मानिस खडा गरी सहीछाप सर्जमिन सिफारिस गराई मुलुकी ऐन, ठगीको महलको १ तथा २ बमोजिमको कसुर गरेको भन्ने कुरामा विवाद छैन । पुनरावेदन अदालत, धनकुटाबाट जनही रू.१,७५,०००।– जरीवाना हुने र जनही रू.५८,३३३।– बिगो भराइदिने भनी ठहर्‍याएकोमा सोतर्फ विचार गर्दा हस्तबहादुर विष्टका नामको जग्गा पञ्चबहादुर तामाङका नाममा रजिस्ट्रेसन भएको देखिँदा उक्त लिखत बदर गरी हस्तबहादुर विष्टकै नाममा पुन: दर्ता कायम हुने ठहर्छ भनी सुरू जिल्ला अदालतबाट फैसला भएको अवस्थामा पुनरावेदन अदालत, धनकुटाले जनही रू.५८,३३३।– बिगोसमेत भराइदिने भनी भएको फैसलाबमोजिम बिगो पनि प्राप्त हुने हुँदा दोहोरो सुविधा पर्नजाने ।

कुनै एक पक्षले मात्र दोहोरो सुविधा पाउने गरी फैसला हुनु न्यायसङ्गत हुने नदेखिएकाले सो बिगो भराइदिनुपर्ने अवस्था नहुँदा जग्गा फिर्ता भैसकेको अवस्थामा हकवालालाई बिगो भराइदिनुपर्ने अवस्था नहुँदा जग्गा फिर्ता भैसकेको अवस्थामा हकवालालाई बिगो भराइदिने ठहर्‍याएको र बिगोको दामासाहीले जरिवाना गर्नुपर्नेमा जनही बिगोबमोजिम जरिवाना हुने ठहर्‍याएको हदसम्मको पुनरावेदन अदालत, धनकुटाको फैसला मिलेको देखिन नआउने ।

सुरू जिल्ला अदालतका फैसलाले जग्गा हस्तबहादुर बिष्टकै नाममा पुन: दर्ता कायम हुने ठहरेकाले बिगो असुलउपर गरिरहनुपर्ने अवस्था नभएकोमा बिगो भराएको र जरिवानाको हकमा दामासाहीले जरिवाना गर्नुपर्ने जनही जरिवाना गर्ने गरेको हदसम्म पुनरावेदन अदालत, धनकुटाको मिति २०६५।१२।३० को फैसला मिलेको नदेखिँदा केही उल्टी भई पुनरावेदक प्रतिवादी दयाप्रसाद घिमिरे र अ.बं. २०५ नं. बमोजिम पुनरावेदन नगर्ने अन्य प्रतिवादीहरू तिर्थनाथ दाहाल र कोइलबहादुर रायमाझीको हकमा समेत जग्गाको बिगो रू. १,७५,०००।– भन्ने देखिएकाले सोको दामासाहीले जरिवाना हुने र

बिगो भराइदिनु नपर्ने।

इजलास अधिकृत: हेमबहादुर सेन

कम्प्युटर: गङ्गा के.सी.

इति संवत् २०७१ साल पुस ७ गते रोज २ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-WO-०११९, उत्प्रेषण, *प्रमोदराज पन्त वि.जिल्ला न्यायाधिवक्ता (सरकारी वकिलको) कार्यालय, बबरमहल, काठमाडौंसमेत*

कारोबार लिखत हुँदा ऋणीले वा उसको लागि सम्पत्ति सुरक्षणबापत दिनेले जुन वतन देखाउँछ अन्यथा वतन हो भनी धनी सूचित नभएको अवस्थामा त्यही वतनमा म्याद तामेल भएकोलाई रीतपूर्वक कै मान्नुपर्ने हुन्छ। सूचना म्यादमा गलत वतन देखाई तामेल भयो भन्ने निवेदकको भनाईसँग सहमत हुन सकिएन। तथापि म्याद बेपत्ते तामेल भएको र बेपत्ते तामेल भएको कारणबाट गोरखापत्रमा म्याद सूचना सम्प्रेषण गर्नु परेकाले निवेदकले सो म्याद प्राप्त गर्न सकेको स्थिति भने देखिन आएन। तसर्थ निजको हकमा सूचना सम्प्रेषण गरेकोमा उल्लिखित वडा नं. २९ को हकमा भने बेरीतको भन्न नमिले पनि बेपत्ते तामेली म्याद भएकाले निवेदकले उक्त म्याद प्राप्त गरे भनी भन्न नमिल्ने।

गोरखापत्रमा प्रकाशित सूचनामा निवेदकको बाबुको नाम उल्लेख नभएको अवस्थामा निजले सो म्याद सूचना आफ्नो हो कि भनी बुझ्न सक्ने अवस्था हुन्थ्यो होला तर प्रस्तुत निवेदनमा विवादमा आएको त्यो सूचना म्याद बाबुको नाम उल्लेख नभएको मात्र होइन अपितु नाम नै गलत उल्लेख भएको स्थिति छ। अरू नै व्यक्ति देव पन्तको छोरा आफू नभएकाले निजले उक्त सूचना म्याद आफ्नो हो भनी सोच्ने वा बुझ्न सक्ने अवस्था पनि रहेन। बाबुको नाम गलत उल्लेख गरी गोरखापत्रमा प्रकाशित गरिएको सूचना वा म्यादलाई रीतपूवर्वकको म्याद तामेल भयो भन्न नमिल्ने।

काठमाडौं जिल्ला अदालतबाट यी निवेदकको नाममा जारी भएको समाह्वानबाट बेपत्ते तामेल भई आएको र बाबुको नाम गलत राखी गोरखापत्रमा सूचना प्रकाशित गर्दैमा यी निवेदकले आफ्नै नामको म्याद सूचना हो भनी एकिन हुन सक्ने अवस्था देखिएन र निजले जानकारी पाएको होला भनी अनुमान गर्न पनि मिल्ने देखिन नआउने।

कानूनबमोजिम प्रतिवाद गर्न पाउने हकलाई कसैले हनन् गर्न सक्तैन। सर्वमान्य प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुने गरी भएको काम कारवाहीले वैधता प्राप्त पनि गर्दैन। सार्वजनिक दैनिक प्रकाशन जस्तो गोरखापत्रबाट म्याद तामेल हुँदा जसलाई म्याद वा सूचना दिइएको हो उसले सहजरूपमा शङ्कारहित तवरबाट आफ्नो म्याद हो भनी बुझ्नसक्नेसम्मको हुनुपर्दछ। आफ्नो म्याद हो वा होइन भन्ने दुविधा हुने स्थितिको म्याद सूचना प्रकाशित भएकोलाई रीतपूर्वक सूचना म्याद तामेल भएको र प्रतिवाद गर्ने अवसर प्रदान गरेको भन्न नमिल्ने।

मुद्दामा अदालतबाट जारी भएको म्याद घरद्वार पत्ता नलागी बेपत्ते तामेल भएको र सूचनामा निवेदकको बाबुको नाम गलत उल्लेख भएबाट यी निवेदकले आफू विरूद्ध परेको मुद्दाको सूचना सहीरूपमा प्राप्त गरी मुद्दामा प्रतिवाद गर्नसक्ने स्थितिको विद्यमानता रहेको थियो भनी मान्न सकिने देखिएन । म्याद तामेली नै कानूनबमोजिम रीतपूर्वकको हुँदैन भने त्यस्तो तामेली म्यादको आधारमा भएको फैसलासमेतबाट प्राकृतिक न्यायको सिद्धान्त हनन् भएको नै सम्झनुपर्ने ।

समान परिस्थितिका प्रतीवादीहरू मध्येका अधिवक्ता विजयकुमार बस्नेतले निजका हकमा भएको फैसला समेत बदर भई सुनुवाइको मौका प्राप्त गरेको र यी निवेदकले पनि उक्त मुद्दामा प्रतीवाद गर्न पाउँ भनी माग गरेको सन्दर्भमा निजको म्याद बेपत्ते तामेल हुनु र गोरखापत्रमा प्रकाशित सूचनामा पनि बाबुको नाम गलत पर्नुबाट म्याद बेरीतको निजलाई प्रतिवाद गर्ने मौका प्रदान गरी निजको कुरासमेत सुनी निर्णय भएको हो भन्न नमिल्ने हुँदा निवेदकलाई कसुरदार ठहर गरेको काठमाडौं जिल्ला अदालतको मिति २०६५।५।१९ को फैसला प्राकृतिक न्यायको सिद्धान्तप्रतिकूल भएको देखिन आउने ।

मिति २०६३।९।२१ को गोरखापत्रमा प्रकाशित सूचना, मिति २०६२।४।४ मा तामेल भएको समाह्वान र सो को आधारमा काठमाडौं जिल्ला अदालतबाट मिति २०६५।५।१९ मा भएको फैसलासमेतको काम कारवाहीहरू निवेदकको हकमा सर्वमान्य प्राकृतिक न्यायको सिद्धान्तको त्रुटि भएको देखिँदा सो हदसम्म उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

यी निवेदकले काठमाडौं जिल्ला अदालतमा कारवाहीयुक्त अवस्थामा रहेको ०६६-CR-२१०६ नं. को ठगी तथा सरकारी छाप दस्तखत किर्ते मुद्दामा प्रतिवाद गर्न पाउँ भनी माग गरेको सन्दर्भमा निजलाई प्रतिवाद गर्ने मौका प्रदान गर्नु नै न्यायपूर्ण हुने हुँदा यी निवेदकलाई उक्त ठगी र सरकारी दस्तखत छाप किर्ते मुद्दामा बयान गर्न र बयानपश्चात सो अदालतबाटै सो मुद्दामा हुने आदेशानुसार हुने गरी सामेल गर्नु गराउनु भनी काठमाडौं जिल्ला अदालतको नाउँमा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः मीना गुरूङ

कम्प्युटर: सविना अधिकारी

इति संवत् २०७१ साल पुस ११ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-००४६, कर्तव्य ज्यान, *मनोजकुमार जोशी वि. नेपाल सरकार*

मौकामा कागज गर्ने व्यक्तिहरूको बकपत्र तथा मृतकको मृत्यु टाउकोमा लागेको चोटका कारण भएको हो भनी लास जाँच प्रतिवेदन (Autopsy Report) मा उल्लेख भएको र प्रतिवादीले पनि मृतकलाई ढुङ्गाले हानेको कुरामा मौकामा साबित भएको देखिँदा पुनरावेदक प्रतिवादीको वारदातमा प्रत्यक्षरूपमा संलग्नता रहे भएको देखिने ।

मृत्युपूर्व मृतकले मलाई केही भएमा यी प्रतिवादीलाई समात्नु भनी भनेका थिए भनी युवाराज राईसमेतले कागज गरेका तथा

साथीभाइ भएकाले रक्सी खाँदा कहिलेकाहीं वादविवाद भइहाल्थ्यो भनी प्रतिवादीको अदालतसमक्ष भएको बयानमा उल्लेख भएको तथा प्रतिवादीले मृतक र मृतकका दाजुलाईसमेत यसपूर्व पनि कुटपीट गर्ने गरेको देखिने र सँगै बसी रक्सी खाएका मृतक र प्रतिवादीमात्रै रातको समयमा सँगै साथै हिंड्नु र साथै हिंडेकामध्ये एकजना सर्वाङ्ग नाङ्गै भई रगताम्मे अवस्थामा राजमार्गमा रहेको कलभर्टमा घाइते अवस्थामा भेटिनु तथा अर्को अर्थात् पुनरावेदक प्रतिवादी घरमा गई सुत्नु जस्ता कार्य कारणसमेतबाट पुनरावेदक प्रतिवादीकै कार्यबाट मृतकको मृत्यु हुन पुगेको तथ्यमा शङ्का गर्ने ठाउँ नरहने।

प्रतिवादी मनोजकुमार जोशीले मृतक मणि भन्ने मनकुमार राईलाई ढुङ्गा तथा मुक्कासमेत प्रहार गरी सोही चोट पीडाबाट मृतकको उपचारको क्रममा मृत्यु भएको तथ्य पुष्टि भएकाले निज प्रतिवादी मनोजकुमार जोशीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७१ साल कात्तिक २४ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल.**, ०६७-CR-११९३, जालसाजी, *जयप्रकाश राय यादव वि. बुझावन महराको मु.स. गर्ने रामदेव महरा*

वादीको हक लाग्ने जग्गामा प्रतिवादीले मोहियानी हकको प्रमाणपत्र जालसाज क्रियाबाट तयार गरेको देखिँदा किर्ते कागजको ३ नं. को कसुरमा ऐ.१० नं. बमोजिम प्रतिवादीलाई रू.१००।- जरिवाना गरेको सुरू फैसला उल्टी गरी वादी दावी पुग्न नसक्ने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको फैसलाउपर प्रस्तुत पुनरावेदन पर्न आएको देखियो। वादीले एकिनरूपमा कुन कागज जालसाज गरेको हो भन्ने कुरा खुलाई दावी गर्न सकेको नदेखिने।

प्रतिवादीले भूमिसुधार कार्यालयको कर्मचारीसँग मिलेमतो गरी जालसाज व्यहोराबाट मोहियानी हकको प्रमाणपत्र प्राप्त गरेको भनी दावी लिएको अवस्थामा त्यस्तो कर्मचारीको नाम र पदसमेत उल्लेख गर्नुपर्नेमा त्यसो गरेको पनि देखिँदैन । साथै सरकारी कार्यालयमा अभिलेखको रूपमा रहेको कागजलाई जालसाज गरिएको भने पनि सरकारी कागज किर्तेसम्बन्धी कारवाही चलाउनतर्फ वादीले जाहेरी दिएको पनि देखिँदैन । सरकारी कार्यालयमा रहने कागज वा सरकारी कर्मचारीको मिलेमतोमा जालसाज व्यहोराबाट तयार गरिएको भनिएको कागज त्यस्तो कर्मचारीको पहिचानबिना कसले जालसाज गर्‍यो भनी सहजरूपमा घोषित गर्न सकिने अवस्था पनि नरहने।

प्रतिवादीले प्राप्त गरेको मोहीयानी हकको प्रमाणपत्रको प्रतिलिपि जालसाजी ठहर्‍याएको अवस्थामा भने त्यो कार्यबाट जसले हक प्राप्त गर्ने हो, उसको सहभागिता त्यस जालसाजीजन्य कार्यमा रहन्छ भनी सहज र सीधा अनुमान गर्नुपर्ने हुन्छ । मोहीयानी हक प्रतिवादीको भएकाले वादीले प्रतिवादीउपर प्रस्तुत नालिस गरेको देखियो । तर, प्रतिवादीले जालसाजीको कसुर

गरे भन्नलाई सर्वप्रथम प्रतिवादीले जालसाजी गरी प्राप्त गरेको मोहीयानी हकको प्रमाणपत्र जालसाजी हो भन्ने अनिवार्यरूपमा देखिनुपर्ने।

कसैले मोहीयानी हकको प्रमाणपत्र प्राप्त गरेको अवस्थामा अन्यथा प्रमाणित नभएसम्म त्यो मोहीयानी हकको प्रमाणपत्र कानूनी प्रक्रिया पूरा गरेर नै तयार भएको हो भन्ने अनुमान गर्नुपर्ने।

अड्डाबाट प्राप्त प्रतिलिपिलाई अन्यथा प्रमाणित नभइरहेको अवस्थामा त्यो प्रमाण कानूनको रीत पुर्‍याएर नै तयार भएको भनी मान्नुपर्ने हुन्छ । तसर्थ, प्रतिवादीले प्राप्त गरेको मोहीयानी हकको प्रमाणपत्रको प्रतिलिपिलाई जालसाजी भन्न नमिल्ने।

वादी दावीबमोजिम जालसाज भएको ठहर्‍याई प्रतिवादीलाई रू.१००।– जरिवाना गरेको सुरू फैसला उल्टी गरी वादी दावी पुग्न नसक्ने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६७।१।२७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विदुर काफ्ले

इति संवत् २०७१ साल पुस २७ गते रोज १ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री दीपकराज जोशी,** ०६७-MS-०००७, अवहेलना, *उपेन्द्रप्रसाद चौधरीसमेत वि. डा. रामनारायण शाहसमेत*

निवेदकहरूले अदालतको मिति २०६७।९।११ को आदेशसमेतको उल्लङ्घन गरी अदालतको अवहेलना भयो भनी प्रस्तुत निवेदनबाट विपक्षीहरूलाई सजायको माग दावी लिएको भए तापनि जुन आदेशउपर अवहेलना भएको भनिएको हो सो आदेश आयुर्वेद विभागको मिति २०६७।११।२० को निर्णयबाट कार्यान्वयन भै यी निवेदकमध्येका नारायणप्रसाद पौडेललाई यस अदालतको फैसला आदेशबमोजिमको उपचार प्राप्त भैसकेको देखिँदा प्रस्तुत अवहेलनातर्फ कारवाही अघि बढाइरहनु नपर्ने।

इजलास अधिकृत: उमानाथ गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल भदौ १२ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री दीपकराज जोशी,** ०६८-MS-००२३, अदालतको अवहेलना, *का.जि.का.म.न.पा. वडा नं. ३४ सूर्यविक्रम ज्ञवाली मार्गमा कार्यालय रहेको हर्वो इन्टरनेशनल प्रालिको तर्फबाट अख्तियार प्राप्त ऐ. प्रालिका निर्देशक वसन्त पण्डित वि. शङ्करप्रसाद पौडेलसमेत*

मुद्दाको विषयसँग सम्बन्धित नेटवर्किङ व्यवसायमा विपक्षी नेपाल सरकार वाणिज्य विभागहरूबाट लगाइएको प्रतिबन्ध कायमै राखी नेपाल सरकारका नाममा तत्सम्बन्धी कानून बनाउन निर्देशनात्मक आदेश जारी भैरहेको अवस्था र अदालतको आदेशको उल्लङ्घन गर्ने मनसाय नरहेको र कार्यालयको दायित्व निर्वाह गर्ने अनुगमनसम्म भएको भन्नेसमेतको विपक्षीको लिखित जवाफ रहेको अवस्थामा

विपक्षीहरूले अदालतको अवहेलना गरेको ठहर गरी सजाय गर्न मिल्ने नदेखिने ।

इजलास अधिकृत: उमानाथ गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल भदौ १२ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री दीपकराज जोशी,** ०६९-MS-००२६, अवहेलना, *कमलप्रसाद खतिवडासमेत वि. श्री दीनानाथ शर्मा, शिक्षा मन्त्री, शिक्षा मन्त्रालयसमेत*

अदालतको आदेशानुसार कानून बनाउने विपक्षीहरू साथै सम्बद्ध मन्त्रालय सहमत भएको अवस्थामा आदेश कार्यान्वयनमा आलटाल भयो भन्ने आधारमा मात्र अदालतको अवहेलना ठहर गरी विपक्षीहरूलाई सजाय गर्न न्यायोचित नदेखिने ।

कर्मचारीको सेवा सर्तको सुनिश्चितता एवम् सुविधाको प्रबन्धको लागि तत्काल कानून बनाई लागू गर्न अपरिहार्य भै यस अदालतले निर्देशनात्मक आदेश जारी गरिरहेको अवस्था हुँदा सम्बद्ध मन्त्रालयबाट प्राप्त पत्रमा उल्लेख भएअनुसार शिक्षा (आठौं संशोधन) अध्यादेशको दफा १४४ख मा कर्मचारीसम्बन्धी व्यवस्था उल्लेख हुँदैमा सो प्रावधानको व्यवस्थाले मात्र यस अदालतको आदेशको पूर्ण कार्यान्वयन भएको मान्न नसकिने ।

शिक्षासम्बन्धी ऐन नियमले शिक्षक कर्मचारीहरूको सेवा सर्त सुविधाको व्यवस्था गर्ने तर सोही विद्यालयमा कार्यरत कर्मचारीका सेवा सर्त सुविधाको व्यवस्था नगरेबाट राज्यले एकै संस्थामा काम गर्ने कर्मचारीबीच असमान व्यवहार गरेको मान्नुपर्ने ।

आदेशको कार्यान्वयन नै नहुनु र कार्यान्वयन ढिलाई हुनु भिन्नभिन्न विषय भएकाले यस अदालतको पूर्वआदेशको कार्यान्वयन यथाशीघ्र र अपेक्षित समयमा हुनेछ भन्ने अपेक्षालाई मध्यनजर गर्दै फैसला कार्यान्वयनको पक्षलाई स्वीकार गरेको अवस्थामा प्रतिवादीहरूलाई सजायको भागिदारी बनाउन नमिल्ने ।

इजलास अधिकृत: उमानाथ गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल भदौ १२ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-११४०, कुटपीट अङ्गभङ्ग, *नेपाल सकार वि. रामएकवाल यादवसमेत*

मुलुकी ऐन, कुटपीटको महलको २ नं. बमोजिम भएको खत काम नलाग्ने भएको अवस्थामा मात्र वादी नेपाल सरकार भई मुद्दा चल्ने अवस्था देखिन्छ । उक्त खत अङ्गभङ्गको नभई निको भई काम लाग्ने अवस्थाको देखिँदा प्रस्तुत मुद्दामा पीडित व्यक्ति स्वयम् वादी बनी मुद्दा चलाई प्रतिवादीलाई सजायको माग दावी लिनुपर्ने अवस्था देखिन्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिरको सम्बन्धमा विश्लेषण गर्दा अङ्ग निको भई काम लाग्ने भएमा पनि दुई वर्ष कैद सजाय हुने भनी व्यवस्था गरेको र हातखुट्टा भाँचिनु नै अङ्गभङ्गको कसुर हुन पर्याप्त हुने भनी लिएको जिकिरलाई कानूनसङ्गत मान्न मिल्ने देखिएन ।

दुई वर्ष कैदको सजाय भयो भन्दैमा कुटपीट अङ्गभङ्ग भयो भनी मान्न मिल्दैन । सजायको मात्रा बढी हुँदैमा स्वतः कुटपीट अङ्गभङ्गको अपराध हो भनी मान्नुपर्ने गरी वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिर कानूनमा आधारित रहेको नदेखिने ।

दुनियावादीमा परिणत नगरी नेपाल सरकारको अभियोगपत्रको आधारमा सुरू महोत्तरी जिल्ला अदालतबाट मिति २०६३।५।१३ मा भएको फैसला बदर गरी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम दुनियावादीमा परिणत गरिदिएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६७।१।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । अभियोगपत्र दावीबमोजिम प्रतिवादीहरूलाई कुटपीट अङ्गभङ्गमा सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटरः सन्जय घिमिरे

इति संवत् २०७१ साल कात्तिक ९ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री गोपाल पराजुली, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CI-१२२७, निषेधाज्ञा, *विजयसागर तुलाधर वि. गङ्गाराम खड्गी*

कानूनी प्रक्रिया अवलम्बन नगरी साधिकार निकायबाट यी निवेदकलाई आफ्नो जग्गाबाट उठाउन पाउने अवस्था हुँदाहुँदै पनि असम्बन्धित निकायमा निवेदन दिई बलसमेत प्रयोग गरी निवेदकलाई निजले व्यवसाय सञ्चालन गरेको जग्गाबाट उठाउन खोजेको अवस्था विद्यमान भै सो आधारमा पुनरावेदन अदालत, पाटनबाट निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गरेकोलाई बेमनासिब भन्न नमिल्ने ।

निषेधाज्ञाको आदेश आवश्यकता अनुसार स्थायी वा अस्थायी प्रकृतिको हुनसक्छ । नागरिक अधिकार ऐन, २०१२ ले त्यस विषयमा स्पष्ट व्यवस्था नगरे पनि आवश्यकता र विषयवस्तुको गाम्भीर्यताअनुसार स्थायी वा अस्थायी प्रकृतिको निषेधाज्ञा जारी गर्न सकिन्छ । निषेधाज्ञा अनन्त कालसम्म कायम रहन पनि सक्तैन । यो विषयवस्तु र आवश्यकताको आधारमा निश्चित अवधिसम्म (Periodical) लागू रहने विषय भएकाले अनन्तकालसम्म कायम रहन पनि नसक्ने ।

निवेदकले मिति २०६३।११।१ मा विपक्षी डबलकाजी तुलाधरसित सम्झौता गरी १ वर्षका लागि भाडामा लिएकोमा सम्झौताको अवधिसम्म मात्र विपक्षीका नाउँमा उक्त आदेश कायम रहनेमा सो १ वर्षको समय व्यतीत भएपछि कानूनबमोजिम निवेदकलाई आफ्नो जग्गाबाट कारवाही चलाई उठाउन पाउनेमा तत्काल त्यस्तो कारवाही नचलाई निवेदकलाई बस्न दिइरहेको र विपक्षीले बहाल बुझाई पाउँ भनी दिएको मुद्दा मिति २०६९।३।२४ मा फैसला भएपछि मात्र असम्बन्धित निकाय (जिल्ला प्रशासन कार्यलयसमेत) मा निवेदन दिई दावीको जग्गाबाट निवेदकलाई उठाउन कारवाही चलाएको देखिएको कारणबाट विपक्षीको नाउँमा निषेधाज्ञाको आदेश जारी

भएको देखिएको अवस्था हुँदा सम्झौतापछि असम्बन्धित निकायमा दिएको निवेदनका आधारमा निषेधाज्ञाको आदेश जारी भए पनि घरबहाल बुझाई पाउँ भन्ने मुद्दा नै मिति २०६९।३।२४ मा फैसला भैसकेको अवस्थामा अनन्तकालसम्म पुनरावेदन अदालत, पाटनबाट दिएको निषेधाज्ञाको आदेश जारी रहनसक्ने अवस्था नरहने।

तत्काल अन्तरिम आदेशको निरन्तरता दिई निषेधाज्ञाको आदेश जारी भए पनि बहाल बुझाई पाउँ भन्ने मुद्दाबाटै कानूनबमोजिमको निकासा लिनुपर्ने देखिएकाले निषेधाज्ञाको आदेश अब प्रयोजनहीन भै निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा उक्त सम्झौताको अवधिसम्मको लागि मात्र पुनरावेदन अदालत, पाटनबाट दिएको मिति २०६९।६।१७ को आदेश सदर हुने ठहर्छ। विपक्षी पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: उमानाथ गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल असोज ५ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-१३५०, लुटपीट, *युगल किशोर यादव वि. जोगी यादवसमेत*

वादी दावीको जग्गामा प्रतिवादीले खिचोला गरेको प्रमाणबाट ठहर गरेको अवस्थामा आफ्नो जग्गामा भएको पर्खाल भत्केको ढलिरहेको प्रतिवादीले खिचोला गरिरहेको अवस्थामा प्रतिवादीउपर वादीले खिचोला मुद्दाको साथमा पर्खालका इट्टासमेत लुटपीट गरे भनी फिराद गर्नुलाई बेमनासिब मान्न नसकिने।

वादीले प्रतिवादीउपर रिसइबीले वा झुट्ठा प्रमाण बनाई पोल उजुर गरेको नभै आफ्नो जग्गामा लगाई राखेको पर्खाल भत्केको अवस्था र प्रतिवादीले खिचोला गरेको अवस्था हुँदा प्रतिवादीउपर पर्खालमा लगाएका इट्टासमेतका सामान लुटियो भनी उजुर गर्ने कारण र तथ्य वादीसित नभएको भन्न नमिल्ने। प्रतिवादीले यी वादीले रिसइबी तथा झुट्ठा प्रमाण बनाई आफूउपर मुद्दा दिएको भनी नभनेका र वादी दावीको जग्गा खिचोला गरेको छैन भने पनि प्रमाणबाट वादी दावीका जग्गा प्रतिवादीले खिचोला गरेको ठहर भैरहेको अवस्थामा सुरूले वादीलाई मुद्दा दायर गर्ने मनासिब माफिकको तथ्य वादीसित रहेकै थियो भनी मान्न सकिने।

लुटपीट मुद्दा जग्गा खिचोला जस्तो सम्पत्ति र हक अधिकारसम्बन्धी विशुद्ध देवानी प्रकृतिको मुद्दासित अन्तर सम्बन्धित रहेको फौजदारी मुद्दा भएकाले र कानून प्रमाणबाट वादी दावीबमोजिम वादीको जग्गा सोही पर्खाल लगाएको ठाउँबाट खिचोला गरेको ठहर गरी सुरूको फैसला उल्टी गरी फैसला भैरहेको अवस्थामा वादीलाई सजाय गर्ने गरेको हदसम्म पुनरावेदन अदालत, जनकपुरको इन्साफलाई न्यायको रोहमा तर्कयुक्त र विवेकसम्मत भन्न मिल्ने नदेखिने हुँदा सुरूले वादीलाई मुलुकी ऐन, दण्ड सजायको महलको १८ नं. बमोजिम सजाय गर्ने गरी गरेको फैसलालाई सदर गर्ने

गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।०३।१९ को फैसला वादीलाई जरिवाना गरेको हदसम्म नमिली उल्टी भै वादीले सजायबाट उन्मुक्ति पाउने।

इजलास अधिकृत: उमानाथ गौतम

कम्प्युटर: सन्जय घिमिरे

इति संवत् २०७१ साल भदौ ९ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CI-०७३२, लेनदेन, *धनकुमारी विश्वकर्मा वि. गणेशबहादुर विश्वकर्मा*

अ.बं. ७८ नं. अनुसार सनाखत बयान गराउने क्रममा प्रतिवादीको तर्फबाट संरक्षक साबित्रा विश्वकर्माले यी वादीसँग मेरा पतिको लेनदेन कारोबार भए गरेको पनि होइन र उक्त लिखतमा लागेको ल्याप्चे सहीछाप पनि मेरा पतिको होइन किर्ते जालसाजबाट खडा भएको कागज हुँदा विशेषज्ञबाट जाँच गराई पाउँ भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ। सुरू पाँचथर जिल्ला अदालतको आदेशबमोजिम मिति २०५४।११।१५ को र.नं. १३०९ पारित राजीनामाको कागजमा परेको प्रतिवादी धनकुमार विश्वकर्माको नमूना ल्याप्चेसँग उक्त मिति २०५४।११।१५ कै लिखत जाँच गर्न पठाउँदा मिति २०५४।११।१५ को लिखतको शिर पुछार र पेटबोलीमा लागेको ल्याप्चेमाथि दोहोरो ल्याप्चे छाप लगाएको दोस्रो ल्याप्चे छापको जातसँग पारित लिखतको लिनेको दोस्रो ल्याप्चे छापको जात समान आकृतिमा देखिए तापनि रेखाका गुणहरू भिडाउन सक्ने अवस्था नभएको भन्ने रेखा तथा लेखा विशेषज्ञको परीक्षण प्रतिवेदनबाट देखिने।

लिखतमा परेको ल्याप्चे छापमाथि दोहोरो ल्याप्चे छाप परेको र ल्याप्चेको जात आपसमा फरक परेको देखिन आएकाले उक्त लिखतलाई सद्दे साँचो व्यहोराको लिखत हो भनी मान्यता दिन मिल्ने अवस्थासमेत देखिएन। वादी पक्षले पनि प्रतिवादी पक्षसँग लेनदेनको कारोबार गर्दा रीतपूर्वकको लिखत खडा गरिराख्नु पर्ने दायित्वबाट पन्छिन नमिल्ने।

वादी प्रतिवादीकाबीच भएको भनिएको लिखत सद्दे साँचो व्यहोराबाट भएको नदेखिनुका साथै साहु र असामीका बीचको सम्बन्ध स्थापित गर्ने कपाली तमसुकको कागज नभई सो बाहेक अन्य तरिकाबाट भएको लेनदेनको कागज भएको देखिँदा मुलुकी ऐन, लेनदेन व्यवहारको महलको ४० नं. को हदम्याद २ वर्षभित्र नालिस गर्नुपर्ने व्यहोराको लिखत रहेछ भन्ने कुरा स्थापित हुन आएकाले उक्त ४० नं. ले तोकेको हदम्याद नाघी दायर हुन आएको देखिने।

जग्गा लिनेदिने सर्तमा भएको भनेको अस्पष्ट घरायसी कागज जहाँ ल्याप्चेसमेत मिल्न भिड्न आउँदैन भने त्यस्तो विवादास्पद लिखतबाट एकातर्फ जग्गामा दावी गर्न मिल्दैन र अर्कोतर्फ त्यस्तो लिखतमा वादी स्वयम् नै सजग भई लेनदेन व्यवहारको महलको ४० नं. बमोजिम वा प्रतिवादीले कागज गर्न नमानेमा तमसुक गराई माग्न नालिससमेत दिनुपर्ने हुन्छ। समयमा

सावधानी नअपनाई आफ्नो अधिकारप्रति सजग नहुने पक्षलाई अदालतले सहयोग गर्न नसक्ने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटरःसन्जय घिमिरे

इति संवत् २०७१ साल कात्तिक १३ गते रोज ५ शुभम्।

८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-११००, मानव बेचबिखन तथा ओसारपसार, *गोमा पाँचकोटी वि. नेपाल सरकार*

कतिपय संगीन प्रकृतिका फौजदारी अपराधमा पीडितले समाजमा बेहोर्नुपर्ने क्षति समाजलाई पुग्न जाने असर तथा अपराधलाई निरूत्साहित गर्न राज्यले निर्वाह गर्नुपर्ने नियन्त्रणकारी भूमिकासमेतलाई मध्यनजर गरी Burden of Proof आरोपित पक्षलाई नै सार्ने गरी कठोर कानूनी व्यवस्था गर्नुपरेको हो। अपराधमा संलग्न पक्ष पेसेवर हुनसक्ने र अपराध बडो योजनाबद्ध एवम् सङ्गठित तरिकाले हुनसक्ने र कतिपय सङ्गठित आपराधिक समूहको संलग्नतामा समेत अपराध हुनसक्ने भएकाले अपराधमा संलग्न पक्ष नै पहिचान गर्न कठिन हुनसक्ने परिस्थितिको आँकलन गरेर नै विधायिकाले कानूनको निर्माण गरेको हो। प्रमाण सङ्कलनका क्रममा हुनसक्ने कतिपय कमजोरीको फाइदा अपराध गर्ने पक्षलाई नै नपुगोस् भन्ने नै विधायिकी मनसाय हो। त्यसकारण पीडितहरू अदालतमा उपस्थित भई बकपत्र गरेको अवस्था नहुँदा पीडितहरूको भनाईलाई मान्यता दिन मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नमिल्ने।

प्रतिवादीले अबोध पीडितहरूलाई संरक्षकबाट छुटाई शोषण गर्ने उद्देश्यले प्रस्तुत वारदात गरेको देखिन आएकाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०३४ को दफा ४(२)(ख) को कसुरमा ऐजन ऐनको दफा १५(१)(छ) को सजायमा ऐजन ऐनको दफा १५(१)(ज) बमोजिम तजबिजी कैद वर्ष ४ हुने ठहऱ्याएको पुनरावेदन अदालत, धनकुटाको मिति २०६७।१०।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल कात्तिक १० गते रोज २ शुभम्।

९

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-००५५, ०६९-RC-०००२, कर्तव्य ज्यान, नेपाल सरकार वि. नरेन्द्रप्रसाद यादव, *नेपाल सरकार वि. चुल्हाई मण्डल धानुक*

मौकामा कागज गर्ने हरि मण्डल, जगदेव मण्डलले कागज गर्दा यी प्रतिवादीउपर शङ्का लाग्छ भनी कागज गरेको देखिए पनि शङ्काकै भरमा मार्ने काममा यिनको संलग्नता रहेछ भनी मान्न मिलेन। वस्तुस्थिति मुचुल्कामा कागज गर्ने रामशरण, उदयकान्त शरण, रामनारायण दास रामसागर दास, नारायण शरणले कागज गर्दा यी प्रतिवादीहरूले मारेको भनी मृतकको आमा कारोदेवीले भनेकाले थाहा भएको भनी कागज गरेको देखिँदा यी व्यक्तिहरू प्रत्यक्षदर्शी रहेछन् भन्न नसकिएकाले यिनीहरूको भनाईलाई विश्वासयोग्य मान्न नसकिने।

घटना घट्नुअघि जाहेरवालाले चुल्हाई मण्डलसमेतलाई बाँसझाडीछेउ बसी कुरा गरिरहेको देखेको र सडकबत्तीको प्रकाशमा चिनेको कोठमा फर्की विस्तारामा सुतेको एकछिनपछि गोलीको आवाज सुनी छोरा रामपुकारलाई जगाउन कोठामा जाँदा यी प्रतिवादीसमेत भाग्दै गरेको प्रत्यक्ष देखेको र छोरा रामपुकार शरणलाई हेर्न जाँदा निजको जीउबाट रगत बगिरहेको र हेर्दा छोराको मृत्यु भइरहेको देखेको भनी प्रत्यक्षदर्शी जाहेरवालीको भनाई रहेको अवस्था देखिँदा जाहेरवालीको भनाई रहेको अवस्था देखिँदा यी प्रतिवादी चुल्हाई मण्डल धानुक निर्दोष रहेछन् भन्न मिल्ने नदेखिने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल कात्तिक १० गते रोज २ शुभम्।

१०

**मा.न्या.श्री गोपाल पराजुली, मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६९-WO-०५९२, उत्प्रेषण, *गीतादेवी पौडेल वि. मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत*

म्यादवाला मानिसको घरसमेत खोजतलास गर्दा फेला नपरेकाले निजको नाउँको एकप्रति म्याद सम्बन्धित वडाको सूचना पाटीमा गा.वि.स. सचिवको रोहबरमा टाँस गरेको देखिन्छ। यसरी मुलुकी ऐन, अ.बं. ११२ नं. को प्रक्रिया पूरा अनुसार तामेल भएको म्यादलाई बेरीतको रहेछ भनी भन्न मिल्ने अवस्था नदेखिने।

आफ्ना नाममा जारी भएको म्याद रीतपूर्वक तामेल भएको नदेखिएको अवस्थामा जिल्ला अदालतसमक्ष नै म्याद बरद गरिपाउँ भनी निवेदन दिन सकिने व्यवस्था जिल्ला अदालत नियमावलीले गरेको देखिन्छ । म्याद बदरको सम्बन्धमा जिल्ला अदालतमा निवेदन दिइसकेपछि जिल्ला अदालतले गरेको आदेशउपर पुनरावेदन अदालतसमक्ष मुलुकी ऐन, अ.बं. १७ नं. बमोजिम निवेदन दिनसक्ने व्यवस्थासमेत रहे भएको पाइन्छ । उपर्युक्तबमोजिमको प्रक्रिया पूरा गरेको भनी निवेदकले प्रस्तुत रिट निवेदनमा खुलाउन सकेको देखिँदैन । निवेदक सिधै यस अदालतमा अन्य उपचारको व्यवस्था नभएको भन्ने आधार उल्लेख गरी प्रवेश गरेको अवस्था देखिन नआउने।

निवेदक आफैँले काठमाडौं जिल्ला अदालतमा दर्ता गरेको फैसला बदर मुद्दामा देखाएको घर ठेगाना का.जि.का.म.न.पा. वडा नं. ३२ मा नै म्याद तामेल भएको भनी उल्लेख गरेको कुरालाई यी निवेदकले चित्तबुझ्दो ढङ्गबाट खण्डन गरेको अवस्था पनि नदेखिने।

बेरीतको म्याद तामेल गरी गराई तामेल भएको म्याद प्रति हेर्दा मुलुकी ऐन, अ.बं. ११० नं. र जिल्ला अदालत नियमावली, २०५२ को नियम २२ क को कानूनी व्यवस्थाबमोजिम नै तामेल भएको पाइएकाले त्यसलाई बेरीत वा कानूनप्रतिकूल भन्न मिलेन। जहाँसम्म यसै मुद्दाको विषयलाई लिएर काठमाडौं जिल्ला अदालतमा फैसला बदरसमेतका मुद्दाहरू दर्ता भएको भनी गीतादेवी पौडेलको तर्फबाट निवेदनसाथ फिरादको नक्कल पेस गरेको देखिन्छ । तल्लो अदालतको विचाराधीन मुद्दालाई असर पर्ने गरी

यस अदालतको असाधारण अधिकारक्षेत्रभित्र प्रवेश गरी रिट जारी गर्न मिल्ने नदेखिँदा निवेदन खारेज हुने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: सन्जय घिमिरे

इति संवत् २०७१ साल कात्तिक १४ गते रोज ६ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७०-WO-००७७, उत्प्रेषण/परमादेश, *फीनमाया गुरूङ वि. मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत*
- ०७०-WO-००७८, उत्प्रेषण/परमादेश, *सरीता गुरूङ वि. मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत*
- ०७०-WO-०२२०, उत्प्रेषण/परमादेश, *डिलमाया गुरूङसमेत वि. मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत*
- ०७०-WO-०१०८, उत्प्रेषण/परमादेश, *सुकमायाँ गुरूङ वि. मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौं*
- ०६९-WO-०५९३, उत्प्रेषण, *गीतादेवी पौडेल वि. मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत*

## इजलास नं. ६

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** २०६८-WO-०१५३, उत्प्रेषण/परमादेश, *जगतप्रसाद हाडा वि. औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, भक्तपुरसमेत*

निवेदकले आफूले बुझिलिएको २ कित्ता जग्गाको मुआब्जा रकम रू. ४,८७५।- फिर्ता गरिसकेको छु भनी दावी लिएको भए पनि सो रकम फिर्ता गरेको रसिद भरपाई निवेदनसाथ पेस गर्न सकेको देखिँदैन। निवेदन दावीको जग्गा अधिग्रहणमा नपरेको र मुआब्जा बुझेर पनि फिर्ता गरिसकेको भए सोही समयमा नै वा मिति २०६६।३।१६ मा रोक्का लागि लेखी पठाएको अवस्थामा मौकामा नै वा तत्सम्बन्धी कानूनी उपचार खोज्नुपर्नेमा सो नगरी मौकामा चित्त बुझाई बसी जग्गाधनी दर्ता प्रमाणपुर्जाका लागि लेखिएको मिति २०६६।१२।३० को पत्रसमेत बदरका लागि हाल आएर प्रस्तुत निवेदन गरेको अवस्था देखिने।

२०३४ सालमा नै जग्गा अधिग्रहणको सूचना प्रकाशित भै सो दावी जग्गाको मुआब्जासमेत निवेदकले बुझिलिएको स्वीकार गरेको देखिएको र सो कि.नं. १५७ र १५९ को जग्गासमेतको लगत कट्टा गर्ने गरेको बारेको मिति २०४७।६।१९ को पत्र, रोक्कासमेतका लागि लेखिएको मिति २०६६।३।१६ को पत्र र जग्गाधनी दर्ता प्रमाणपुर्जाका लागि लेखेको मिति २०६६।१२।३० को पत्रसमेतलाई तत्समयमा नै चुनौती दिई आफ्ना हकका लागि कानूनी उपचार नखोजी हाल आएर आफ्नो नाममा उक्त जग्गाको दर्ता स्रेस्ता कायम रही रहेकाले सो जग्गा आफ्नो हकभोगको हुने भन्ने आधारमा विलम्ब गरी प्रस्तुत रिट निवेदन दायर गरेको र उल्लिखित जग्गाको मुआब्जा बुझी मौकामा

चित्त बुझाई बसेकोसमेत देखिँदा विपक्षीका कामकारवाहीबाट निवेदकको सम्पत्तिसम्बन्धी संवैधानिक र कानूनी हकमा आघात परेको देखिन नआउने।

इजलास अधिकृत: दण्डपाणि लामिछाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल मङ्सिर ४ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** २०६८-WO-०२७७, उत्प्रेषण/परमादेश, *टीकाकुमारी श्रेष्ठसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकले दावी लिएबमोजिम साविक जग्गा कि.नं.५४ हाल कायम उक्त कि.नं.२००६ र २००८ का कित्ता जग्गाहरू जुन कामको लागि प्राप्ति गरिएको हो सो कामका लागि र अन्य सार्वजनिक हितका लागिसमेत प्रयोग नभएको भन्ने निवेदन दावी समर्थन हुने आधार प्रमाण देखिन नआएको र विपक्षीहरूको लिखित जवाफबाट समेत उक्त जग्गा बढी हुन आई नेपाल सरकारलाई आवश्यक नपर्ने भन्ने देखिन नआएको अवस्थामा तत्कालीन श्री ५ को सरकारले संविधान र कानूनबोजिम जग्गा प्राप्त गरेको उल्लिखित कार्यबाट निवेदकहरूको संविधान र कानूनप्रदत्त सम्पत्तिसम्बन्धी हकमा असर पर्न गएको अवस्था देखिन नआउने।

मिति २०३३।५।१४ मा प्रकाशित सूचनाबमोजिम जग्गा अधिग्रहणमा परेका मोतिकुमार प्रधानसमेतका अन्य व्यक्तिहरूको यिनै विपक्षीहरूसमेत उपर यसै विषयवस्तुका सम्बन्धमा यसै अदालतमा दायर गरेको २०५५ सालको रिट नं. ३२५२ को उत्प्रेषणयुक्त परमादेशको निवेदनमा यस अदालतको संयुक्त इजलासबाट विलम्बको सिद्धान्तसमेतका आधारमा रिट खारेज हुने ठहरी मिति २०६०।५।१९ मा आदेश भैसकेको संलग्न प्रमाण मिसिलबाट देखिएको र प्रस्तुत रिट निवेदनबमोजिम अत्यधिक विलम्ब गरी दायर हुन आएको देखिँदा सोसमेतका आधार प्रमाणबाट प्रस्तुत रिट निवेदनमा समेत मागबमोजिम आदेश गर्न मिल्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दण्डपाणि लामिछाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल मङ्सिर ४ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-१२११, कर्तव्य ज्यान, *जोखबहादुर वि.क. वि. नेपाल सरकार*

सहअभियुक्त रिसा परियारले अदालत र अनुसन्धान अधिकृतसमक्ष गरेको बयानमा एकरूपता हुने गरी जीवित जन्मिएको शिशुलाई आफ्नो साथबाट खोसी भिनाजु जोखबहादुरले मारिदिएको भनी उल्लेख गरेकी र घटनाको प्रत्यक्षदर्शी सुनमाया परियारले मौकाको कागज तथा अदालतसमक्ष गरेको बयानमा मिति २०६५।१०।१ गते आमा रिसा परियारले घरमै बच्चा जन्माउनु भएको हो, म आमाले भने अनुसार माहिलो बुबालाई बोलाउन गएकोमा माहिलो बुबा जोखबहादुर घरमा आई बच्चाको घाँटी चेपी मारेर कपडामा लपेटी

बाख्रा गोठमा लगेर राख्नुभएको हो भन्ने व्यहोरा लेखाई दिएको देखिँदा लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, प्रत्यक्षदर्शी तथा सह अभियुक्तको भनाइबाट समेत जातक बच्चाको मृत्यु स्वाभाविक नभई कर्तव्यबाट भएको देखिन आउने ।

प्रतिवादीले जातक बच्चा जन्माउने रिसा परियारसँग यौन सम्पर्क गरेको तथ्य स्वीकार गरी वारदातस्थलमा आफू नगएको र घटनामा पनि संलग्न नभएको भनी बच्चा मारेको कसुरमा अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्ष इन्कारी बयान गरे तापनि प्रत्यक्षदर्शी र सहअभियुक्तको बयान तथा बकपत्रबाट यी पुनरावेदक वारदातस्थलमा उपस्थित रही नवाजात शिशुको कर्तव्य गर्ने कार्यमा संलग्न रहेको देखिन आउने ।

प्रत्यक्षदर्शी र सहअभियुक्तले प्रतिवादी जोखबहादुरले घाँटी थिची हत्या गरेको भनी लेखाइदिएको र शिशुको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण Asphyxia due to strangulation भन्ने उलेल्ख भएको देखिँदा प्रस्तुत वारदातमा यी पुनरावेदक प्रतिवादीको संलग्नता रहे भएको देखिएको र मिसिल संलग्न घटनास्थल प्रकृति मुचुल्का, घटना विवरण कागज, शव परीक्षण प्रतिवेदन, सहअभियुक्त तथा प्रत्यक्षदर्शीको अदालतसमक्ष भएको बयान तथा बकपत्रसमेतका स्वतन्त्र सबुद प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादी विरूद्धको अभियोग समर्थित भएको देखिने ।

वारदातसँग सार्थक सम्बन्ध रहेकी सहअभियुक्त रिसा परियारको पोल यी प्रतिवादी विरूद्धको प्रत्यक्ष प्रमाणको रूपमा रहेको हुँदा प्रस्तुत मुद्दामा सहअभियुक्तको पोललाई प्रमाणमा लिन मिल्ने देखिने ।

प्रतिवादी रिसा परियारको बयान, घटनाको प्रत्यक्षदर्शी सुनमाया परियारको सिलसिलेवार भनाई, घटनास्थल तथा लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदनलगायतका आधार र कारणबाट यी प्रतिवादी जोखबहादुर वि.क.ले नवजात शिशुको घाँटी थिची हत्या गरेको पुष्टि भएको हुँदा मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको १३(३) नं. को कसुरमा ऐ. नम्बरबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६७।१०।२५ को फैसला मिलेकै देखिन आउने ।

लामो समयको सामाजिक तिरस्कार तथा लोक लाजबाट बच्न आपराधिक कार्यको परिणामका सम्बन्धमा कुनै सोच विचारै नगरी शिशु जन्मनासाथ शिशुलाई जन्म दिने आमाले गरेको हत्यामा ऐनअनुसार सजाय गर्दा चर्को पर्न जाने अवस्था र परिस्थितिलाई समेत विचार गरी सजायमा कमी गर्न अ बं १८८ नं को प्रयोग विचारणीय हुनसक्ने ।

पुरूषप्रधान हाम्रो समाजमा विद्यमान सामाजिक संरचना र मानिआएको परम्परागत मान्यताका कारण पनि पुरूषलाई सामाजिक लोकलाजको अवस्थाबाट गुज्रनुपर्ने अवस्था नआउने हुँदा सामाजिक लोकलाजको अवस्थाबाट खासगरी पुरूष नभई महिला नै गुज्रनु पर्ने हुन्छ, यस्तो अवस्थामा सोही बहानामा जातक शिशुको हत्या गर्ने पुरूषलाई सजायमा

कमी वा छुट दिनु न्यायिक स्वविवेकको सही प्रयोग मान्न नसकिने।

प्रतिवादी जोखबहादुरले अवैध यौन सम्बन्ध राख्ने बेलामा परेको आफूले व्यहोर्ने भनी महिलालाई दिएको वाचा निजकै वीर्यबाट जीवीत जन्मिएको शिशुको कारण पूरा गर्नुपर्ने भयो भनी आफ्नो पूर्ववचनबाट पछि हट्ने मनसायले नवजात जातक शिशुलाई जन्मने बित्तिकै निजको बाच्न पाउँने अधिकारको समेत हनन् हुने गरी गरिएको हत्यालाई क्षमाशील कार्य मान्न नसकिने।

सामाजिकरूपमा लान्छना सही नौ महिनासम्म अवैध गर्भलाई आफ्नो पेटमा राखी जीवित बच्चा जन्माउने आमाको विरोधका बावजुद घरबार बिग्रने बहानामा बच्चा मार्ने कार्यमा संलग्न यी प्रतिवादीलाई ऐनअनुसार तोकिएको सजायमा कमी वा छुट दिनु विद्यमान दण्ड नीतिको समेत प्रतिकूल हुने देखियो । तसर्थ यी प्रतिवादीलाई अ.बं १८८ नं. अनुसार सजायमा कमी गर्ने गरी पुनरावेदन अदालत, तुलसीपुरबाट सिफारिस भइ आएको रायलाई मनासिब मान्न नमिल्ने।

प्रतिवादी जोखबहादुर वि.क. लाई पुनरावेदन अदालत, तुलसीपुरले १० (दश) वर्ष मात्र कैद सजाय गर्न मनासिब हुने भनी व्यक्त राय न्यायको दृष्टिले उपयुक्त नदेखिँदा सदर हुन नसक्ने र प्रतिवादी जोखबहादुर वि.क.लाई सर्वस्व सहित जन्म कैद गर्ने गरी सुरू रोल्पा जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६७।१०।२५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः चन्द्रप्रकाश तिवारी

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७१ साल मङ्सिर २४ गते रोज ४ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा. न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०७१-WH-००४०, बन्दीप्रत्यक्षीकरण, *हरिकुमार लामा वि. जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोकसमेत*

कानूनको निर्माण केवल औपचारिकताका लागि मात्र नभै निश्चित उद्देश्यका लागि पालना होस भनी गरिएको हुन्छ। कुनै विषयका सम्बन्धमा कानूनको निर्माण गरिएकोमा सोसम्बन्धी काम कारवाहीमा सो कानूनको पालना नगरिएमा सो कार्यले वैधता प्राप्त गर्न सक्तैन। व्यक्तिको वैयक्तिक स्तन्त्रतासँग प्रत्यक्ष सरोकार राख्ने फौजदारी कानूनको कार्यान्वयन गर्दा झन् बढी सचेत रही कानूनको अक्षरशः पालना गर्नुपर्ने हुन्छ । उक्त मान्यता सारवान कानूनको हकमा मात्र नभई कार्यविधि कानूनको हकमा पनि उत्तिकै लागू हुन्छ। कुनै पनि व्यक्तिका विरूद्धमा कसुर अपराध ठहर गर्दा र सजाय तोक्दा कानूनले निर्धारण गरेको व्यवस्थाको अक्षरशः पालना गर्नु आवश्यक हुने।

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ ले विशुद्धरूपमा सरकारवादी भै चलेको कुनै फौजदारी मुद्दाको कारवाही हुँदा सबुद प्रमाणबाट सो मुद्दा सरकारवादी हुने फौजदारी मुद्दाभित्र पर्ने नदेखिई दुनियावादी भै चल्ने फौजदारी मुद्दाअन्तर्गतको देखिन आएमा सो मुद्दालाई दुनियावादी फौजदारी मुद्दामा परिणत गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गरेको र सो कानूनी व्यवस्थाअनुसार सरकारवादी भै दायर भएको कुनै मुद्दामा वादी दावी पुग्न नसक्ने देखिई दुनियावादी मुद्दामा परिणत गर्नुपर्ने देखिन आएमा अदालतले आदेश गरी सरोकारवाला व्यक्तिलाई झिकाई निजले सकार गरेमा निजलाई वादी पक्ष कायम गरेर मात्र मुद्दाको बाँकी कारवाही गर्नुपर्ने देखियो । त्यसरी परिणत गरिएको अवस्थामा पनि परिणत गरिएको अपराधका आवश्यक तत्त्वको विद्यमानता छ छैन भनी स्वतन्त्ररूपमा प्रमाणको मूल्याङ्कन गरी कसुर कायम हुने नहुने एकिन गर्नुपर्ने उद्देश्य नै उल्लिखित ऐनले राखेको पाइने ।

निवेदक हरिकुमार लामा विरूद्ध कुटपीटको २ नं. को कसुरमा ऐजन ६ नं. को सजायको माग दावी लिई वादी नेपाल सरकारद्वारा अभियोगपत्र दायर भएकोमा दावी गरिएको कुटपीट अङ्गभङ्गको कसुर ठहर्ने नठहर्ने सम्बन्धमा कुनै कुरा उल्लेखै नगरी सरकारवादी हुने फौजदारी मुद्दालाई दुनियावादी हुने फौजदारी मुद्दामा परिणत गर्दा अनिवार्यरूपमा पालना गर्नुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्ने उक्त सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ को अवलम्बन नगरी सरकारवादी भै चलेको उक्त कुटपीट अङ्गभङ्ग मुद्दाबाटै दुनियावादी भै चल्ने कुटपीट मुद्दामा आकर्षित हुने कुटपीटको ७ नं. बमोजिम सजाय गर्ने गरी काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट भएको फैसला कानूनसम्मत देखिन नआउने ।

कानूनबमोजिमबाहेक वा कानूनको उचित प्रक्रिया पूरा नगरी कसैको पनि वैयक्तिक स्वतन्त्रतामा अङ्कुश लगाउन वा अपहरण गर्न पाइँदैन । अनिवार्यरूपमा पालना गर्नुपर्ने प्रक्रियाको पालना नगरी वैयक्तिक स्वतन्त्रतामाथि लगाइएको अङ्कुशले कानूनी वैधता प्राप्त गर्न नसक्ने ।

वैयक्तिक स्वतन्त्रताले कानूनले निर्धारण गरेको प्रक्रियाको अनुशरण नगरी गरिएको गिरफ्तारी, थुना वा शक्तिको प्रयोगलाई मान्यता दिदैँन । व्यक्तिको त्यस्तो सारभूत अधिकारबाट वञ्चित गर्दा कानूनले तोकेको उचित प्रक्रियाको अनिवार्यरूपमा अनुशरण गर्नुपर्ने हुन्छ । कानूनको प्रक्रिया पूरा नगरी कुनै पनि व्यक्तिको स्वतन्त्रताको अपहरण भएमा गैरकानूनी बन्दीको सिर्जना हुन जाने ।

निवेदक हरिकुमार लामालाई उक्त मुलुकी ऐन, अदलको महलको १०क नं. बमोजिम रू.२०००।- जरिवाना भै निजउपरको सोतर्फको दावी पुगेको तर कुटपीटको महलको २ र ६ नं. तर्फको दावीका सम्बन्धमा कुनै कुरा उल्लेख नगरी एकै पटक कुटपीटको ७ नं. लगाई रू. २०००।- जरिवाना तथा ६ महिना कैद सजाय गर्ने गरी काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०६५।६।१ मा फैसला भएको देखिएको तर कुटपीटको ७ नं. ले सजाय हुने मुद्दा सरकारी

मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्र परेको नदेखिएकाले उक्त मुद्दाबाटै दुनियावादी भै चल्ने कुटपीट मुद्दामा आकर्षित हुने कुटपीटको ७ नं. लगाई सजाय गरेको हदसम्मको काभ्रेपलाञ्चोक जिल्ला अदालतको मिति २०६५।६।१ को फैसलामा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ को त्रुटि देखिँदा सो हदसम्म उक्त फैसला बदर हुने।

निवेदकउपरको कुटपीट अङ्गभङ्ग तर्फको अभियोग दावीका सम्बन्धमा प्रमाणको मूल्याङ्कन गरी सोतर्फको अभियोग दावी पुग्न सक्ने अवस्था नभई दुनियावादी हुने कुटपीट मुद्दामा सजाय गर्नुपर्ने देखिन आएमा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ ले निर्धारण गरेको कार्यविधिको अनुशरण गरी पुनः ठहर निर्णय गर्नु भनी काभ्रेपलाञ्चोक जिल्ला अदालतका नाममा परमादेशको आदेश जारी हुने र निवेदक हरिकुमार लामा उक्त त्रुटिपूर्ण फैसला कार्यान्वयनको क्रममा थुनामा रहेको देखिँदा अरू कुनै मुद्दाबाट थुनामा राख्नु नपर्ने भएमा निजलाई उक्त मुद्दाबाट थुनामुक्त गरी दिनु भनी विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: सन्तोषकुमार पराजुली

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल पुस १७ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CI-०९०३, हालैदेखिको बकसपत्र लिखत बदर, *सुनील सिवाकोटीसमेत वि. प्रान्जल सिवाकोटीसमेत*

पिता पतिको शेषपछि निजहरूले सो सम्पत्तिको उत्तराधिकारको सम्बन्धमा कुनै इच्छा व्यक्त नगरेको अवस्थामा त्यस्तो सम्पत्ति पैतृक सम्पत्ति हुने र निजको हकवालाले उत्तराधिकारमा पाउन सक्ने । पितापतिको जीवनकालमा नै अंशबन्डाको १८ नं. भित्रको निजी आर्जन सगोलको बन्डा लाग्न सक्ने नदेखिने।

पतिपिताको निजी आर्जनको यस्तो सम्पत्तिमा निजले आफ्नो निजी हक परित्याग गरी सगोलमा मिलाउने मनसाय व्यक्त गरेमा वा सो गरेको देखिएमा मात्र अरू अंशियारको अंश हक पुग्ने भनी भन्न सकिने।

कुनै आयस्रोत र नगण्य भनौं १/२ लाख मूल्य पर्ने निजी आर्जनको मात्र सम्पत्ति भएको पतिपिताले अत्यन्त समृद्ध, शक्तिशाली र प्रचुर धनसम्पत्ति भएको सन्तान र पत्नीलाई त्यसबाट अंश दिनुपर्ने तर निजहरूको हकमा त्यो कानून लागू नहुने भनी व्याख्या गर्न नमिल्ने।

स्त्री अंशधन त एकलौटी भैहाल्छ भनी भन्ने हो भने सोही कुरालाई समेटेको अंश बन्डाको १८ नं. को निजी आर्जन एकलौटी हुँदैन भन्दा कानूनको प्रयोगमा पनि असमानता र अराजकता उत्पन्न हुनजाने।

अंश मुद्दा परेपछि वादीसमेतका अंशियारको अंशहक पुग्ने विवादित कि.नं. १८६६ को जग्गा वादीहरूको मञ्जुरी नलिई पुनरावेदक प्रतिवादी उद्धव सिवाकोटी दिने र प्रतिवादीहरू चुडामणि सिवाकोटी र सुनिल सिवाकोटी लिने भै मिति २०६४।३।२५ मा पारित भएको हा.ब. लिखत कायम रहन सक्ने

नदेखिने ।

वादी दावीबमोजिम ३ खण्डको २ खण्ड लिखत बदर गरी वादीहरूका नाममा दर्तासमेत हुने ठहर्‍याएको सुरू भक्तपुर जिल्ला अदालतको मिति २०६५।३।१५ को फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।११।३ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल कात्तिक १९ गते रोज ४ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.** ०६९-CR-०३२३, लागु औषध गाँजा, *नेपाल सरकार वि. बदियल भन्ने रघुनन्दन यादव*

प्रस्तुत मुद्दाको उठान रामकृपाल सिंहले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा पोल गरेको आधारबाट भएको देखिन्छ । सोही बयानको आधारमा बरामदी मुच्ल्का खडा भै २४४ के.जी. गाँजा बरामद भएको भन्ने बरामदी मुचुल्काबाट देखिन आउँछ । रामकृपाल सिंहले यी प्रतिवादीलाई पोल गर्ने क्रममा वडा नं. ८ बस्ने रघुनन्दन राय यादव भनी पोल गरेको देखिए तापनि बरामदी मुचुल्का अध्ययन गरी हेर्दा जिल्ला महोत्तरी अङ्कार गाउँ विकास समिति वडा नं. ६ स्थित घरबाट गाँजा बरामद भएको र सो घर रघुनाथ यादवको भएको भन्ने कुरा उल्लेख भएको देखिन्छ । यसरी बरामद भएको भनिएको घरको अवस्थिति, घरधनीसमेत एकिन हुन सकेको अवस्था देखिँदैन । प्रस्तुत अवस्थामा बरामदी मुचुल्काको प्रामाणिकता तथा त्यसमा पुर्‍याउनुपर्ने कानूनी रीतको अवस्थासमेतको मूल्याङ्कन गर्नुपर्ने देखिँदा मुलुकी ऐन, २०२० अदालती बन्दोवस्तको महलको १७२ नं. तथा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ८ को कानूनी व्यवस्थाले निर्धारण गरेको रीत र प्रक्रिया अवलम्बन गरेको छ छैन हेर्नु सान्दर्भिक हुन आउँछ । यसरी खानतलासी तथा बरामदी मुचुल्का गर्दा गाउँ विकास समिति प्रतिनिधि, स्थानीय व्यक्तिहरू रोहबरमा राख्नपर्ने भनी अदालती बन्दोवस्तको महलको १७२ नं. मा भएको व्यवस्था र सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ८ को व्यवस्थाअनुरूपको प्रक्रिया अपनाई खानतलासी तथा बरामदी मुचुल्का गर्नुपर्नेमा सोसमेतलाई अवलम्बन गरेको नपाइने ।

प्रतिवादीले अनुसन्धान अधिकारी तथा अदालतमा बयान गर्दासमेत लागु औषधको सञ्चय तथा कारोबारमा आफ्नो संलग्नता छैन भनी इन्कार रहेको र लागु औषध बरामद भएको घरको घरधनी र घर भएको वडा नं. समेत विवादास्पद रहेको अवस्थामा कानूनको रीत पुर्‍याई भएको बरामदी मुचुल्काको आधारमा दोषी ठहर गर्नु न्यायसम्मत नदेखिने ।

बरामदी मुचुल्कामा साक्षी बस्ने व्यक्तिहरू दु:खीदास र राजनन्दन यादवले नै

प्रतिवादीको घरबाट गाँजा बरामद भएको थिएन भनी बरामदी मुचुल्कालाई खण्डन गरी अदालतमा बकपत्र गरिदिएको अवस्थासमेत देखिन्छ भने बुझिएका व्यक्ति बडाबाबु यादवसमेतले अदालतमा आई बकपत्र गर्दा प्रतिवादीको घरबाट लागु औषध गाँजा बरामद भएको होइन भनी लेखाइदिएको अवस्था देखिन्छ । यसरी वादी पक्षले अदालतमा साक्षी प्रमाण प्रस्तुत गरी दावीको पुष्ट्याई गराउन नसकेको साथै आफूले आरोपित कसुर गरेको होइन भन्ने प्रतिवादीको कथनलाई निजका साक्षीले अदालतमा आई पुष्टि गरी बकपत्र गरिदिएको समेतको अवस्था देखिएको हुँदा प्रतिवादीउपर लगाइएको कसुरको पुष्ट्याई शङ्कारहित तवरबाट हुन सकेको नपाइएकाले प्रतिवादीले सफाइ पाउने गरी भएको महोत्तरी जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६६।५।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मुकुन्द निरौला

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल पुस २४ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.** ०६९-CR-०९६३, नक्कली प्रमाणपत्र भ्रष्टाचार, *नेपाल सरकार वि. बालकृष्ण मेहता*

प्रमाणपत्रहरूमा उल्लिखित वर्षको अस्पष्टताको कारण संवत् १९८९ मा प्रतिवादीको विवरण नरहेको कारण गलत देखिएको भए तापनि संवत् १९९१ साल जुन निजको प्रमाणपत्रमा समेत उल्लेख छ सो वर्षमा प्रतिवादीको नाउँको प्रमाणपत्रका विवरण ठीक देखिएको भन्ने हालको अवस्थामा निजले पेस गरेको IA को शैक्षिक योग्यताका प्रमाणहरू गलत वा झुट्टारूपमा तयार गरेका नक्कली शैक्षिक प्रमाणपत्र हुन् भनी मान्न मिल्ने अवस्था नदेखिएकाले प्रतिवादीलाई सफाइ दिने ठहर्‍याएको विशेष अदालत, काठमाडौंको मिति २०६९।११।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल पुस २४ गते रोज ५ शुभम्।

## एकल इजलास

१

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह,** ०७१-WH-००३२, बन्दीप्रत्यक्षीकरण, *लेखनाथ बास्तोला वि. कारागार कार्यालय, जगन्नाथ देवल, त्रिपुरेश्वर, काठमाडौंसमेत*

निवेदकले उपचार प्राप्त गर्ने सामान्य उपचारको बाटो रहिरहेको र उक्त समान्य उपचारको बाटोबाट निवेदक यस अदालतमा प्रवेश गरी निजले अ.बं. १९४ नं. बमोजिमको सुविधा पाउने वा नपाउने भन्ने विषय विचाराधीन रहिरहेको देखिन आएकाले हाल निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने स्थिति र अवस्था प्रथम दृष्टिमा नै देखिन

नआएकाले विपक्षीहरूबाट लिखित जवाफ मगाइरहनुपरेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृत: किशोर घिमिरे
इति संवत् २०७१ साल कात्तिक ४ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०५०७, उत्प्रेषण, *तपसिंह दानीसमेत वि. मन्जु दानीसमेत*

प्रस्तुत विषयमा निवेदकहरू अन्यायमा परेको स्थिति नरहेको, रिट निवेदकहरूका नाममा पटकपटक उही वतनमा म्याद तामेल भएको अवस्था रहेको, म्याद तामेल गर्ने नवलपरासी जिल्ला अदालत र तामेलदारलाई निवेदकले विपक्षी बनाउन नसकेको, पछिबाट तामेल भएको म्यादमा साक्षी बस्नेहरूसमेतलाई विपक्षी बनाउन नसकेको समेतको अवस्थाले गर्दा निवेदकको रिट निवेदन ग्रहण गरी निवेदकलाई उपचार दिन सकिने स्थिति नरहेकाले विपक्षीहरूसँग लिखित जवाफ माग गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७१ साल पुस २३ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०४७३, उत्प्रेषण, *ममताज खातुन वि. अमिना खातुनसमेत*

फलानासँग फलानाको विवाह भएको हो कि होइन भन्ने विवादको सम्बन्धमा रिट क्षेत्रबाट सबुद प्रमाण बुझी निरूपण गर्ने काम हुँदैन । आफैंले अंश मुद्दा दिने र आफैंले त्यसको कार्यान्वयन रोक्नुपर्ने भनी विरोधाभाषपूर्ण माग गर्नु न्यायसङ्गत हुँदैन । अन्तिम फैसलाको अदालतले समयमा कार्यान्वयन गर्नुपर्ने हुन्छ । कालान्तरमा यस्तो होला भन्ने अनिश्चित आधारमा फैसला कार्यान्वयन हुनु उपयुक्त हुँदैन । फैसला कार्यान्वयन रोक्नका लागि कानूनले नै मार्ग प्रशस्त गरेको हुनुपर्छ । तर निवेदिकाको सम्पूर्ण रिट निवेदनमा जिल्ला अदालत नियमावली, २०५२ बमोजिम उल्लिखित फैसलाको कार्यान्वयन गर्न मिलेन भन्ने सम्बन्धमा सम्बन्धित नियमसमेत उल्लेख गरी त्यसको त्रुटि देखाउन सक्नुपर्नेमा तत्सम्बन्धी कुनै पनि त्रुटि देखाउन सकेको छैन । निवेदिकाले उल्लेख गरेको ऐजन नियमावलीको नियम ७८ख को निरूपण यस अदालतबाट हुन सक्तैन । उल्लिखित उक्त जालसाजी मुद्दाको परिणामबाट सनाजो खातुन विवाहित ठहरेमा पुनरावेदन अदालतको आदेश पनि स्वत: प्रभावित नै हुने अवस्था भएबाट निवेदिका उपचारविहीन अवस्थामा रहने वा निजलाई मर्का पर्ने भन्ने कुरा पनि नदेखिँदा पुनरावेदन अदालत, हेटौंडाबाट विद्यमान तथ्यगत परिप्रेक्ष्यमा आदेश भएको र रौतहट जिल्ला अदालतमा दायर रहेको जालसाजी मुद्दामा फैसला हुँदा विपक्षी सनाजो खातुनको विवाहसम्बन्धी विवादको पनि टुङ्गो लाग्ने नै हुँदा विपक्षीहरूसँग लिखित जवाफ माग गर्नुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७१ साल पुस १६ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०४७४, उत्प्रेषण, *ममताज खातुन वि. अमिना खातुनसमेत*

पुनरावेदन अदालतको आदेशले जाहिर मियाँबाट आउने अंश भागभन्दा बढी अरू अंशियारले पाएको निजहरूकै अंश भागबाट पनि ऋण तिर्नुपर्ने भन्ने थप दायित्व बोकाएको मान्न मिल्दैन । जाहिर मियाँ जीवित हुँदा उल्लिखित अंश मुद्दाको फैसलाबमोजिम निजले जे जति अंश पाउँथे अब निजको मृत्युपछि उक्त अंश जीवित अंशियारहरूमा बाँडिएकाले सो जाहिर मियाँकै अंशको परिधिभित्र रहेर लेनदेन मुद्दाको फैसला कार्यान्वयन हुने अवस्था रहन्छ । यही सिद्धान्तलाई हाम्रो न्यायिक व्यवस्थाले स्वीकार गरेको देखिन्छ । यसर्थ उक्त आदेशबाट निवेदकालाई मर्का परेको स्थिति नरहेको देखिँदा विपक्षीहरूसँग लिखित जवाफ माग गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल पुस १६ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०४७६, उत्प्रेषण, *दिनेशचन्द्र गिरीसमेत वि. सम्माननीय प्रधानमन्त्री मन्त्रिपरिषद्को कार्यालयसमेत*

नेपालको अन्तरिम संविधान २०६३ ले शक्ति पृथकीकरणको सिद्धान्तलाई उच्च महत्त्व दिएको छ । यसमा कुनै निकायले आफ्नो अधिकारक्षेत्र नाघी बेहिसाबका साथ संवैधानिक शक्तिको दुरूपयोग गरी र आन्तरिक व्यवस्थामा आँच पुर्‍याउने कार्य गरेमा Checks and Balances को हिसाबले संविधानको आदर र संरक्षणको लागिसम्म यस अदालतले हस्तक्षेप गर्ने हो । तर त्यसो गर्ने नाममा यस अदालतले आफैं कार्यकारिणी शक्तिको अधिकार प्रयोग गर्ने काम गर्न सक्तैन । के कुन क्षेत्रलाई नगरपालिका घोषणा गर्नुपर्ने हो यो सब कुरा मुलुकको शासन प्रणाली समेतसँग सम्बन्धित प्रश्न भएका यसबारेमा निर्णय गर्ने क्षमता पनि कार्यकारिणीकै हुने र त्यसको निरूपणमा नीतिगत प्रश्नहरू पनि समावेश हुने भएकाले यसको निरूपणलाई मुद्दाको निरूपण जस्तो गरी यस अदालतले कार्यकारी अधिकार ग्रहण गर्नु मनासिब हुँदैन । प्रस्तुत विवादको निरूपणमा निवेदकहरूको सरोकार रहेको भए पनि प्रस्तुत निर्णयबाट सम्बन्धित ऐन नियमको स्पष्ट त्रुटि भएको नदेखिएको र निवेदकहरूको कुनै पनि मौलिक हकहरूको हनन् भएको देखिँदैन । यस्तो अवस्थामा यस अदालतले वास्तविक पीडितहरूको मुद्दाको चाङको बेवास्ता गरी यस्ता प्रश्नहरूमा अल्झिनु नितान्त मनासिब नभएकाले विपक्षीहरूसँग लिखित जवाफ माग गरिरहनु परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल पुस २३ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०५८२, उत्प्रेषण, *बर्मजङ्ग बम वि.*

*भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयसमेत*

करार ऐन, २०५६ को दफा ८६ को उपदफा(२) को खण्ड (क) मा करार उल्लङ्घनबापतको क्षतिपूर्ति नगद नै पर्याप्त हुने भएमा भनी उल्लेख भएबमोजिम आफूउपर भएको अन्यायको क्षतिपूर्ति हुन नसक्ने भनी निवेदकले स्पष्ट प्रमाणित नगरेसम्म भङ्ग वा रद्द भैसकेको करारलाई रिटबाट पुनर्स्थापना गर्न मिल्ने नदेखिने।

अदालतले सामान्यतया वैकल्पिक उपचारको विद्यमानता रहेको कुरामा रिट क्षेत्रबाट उपचार दिँदैन । करारको यथावत परिपालना गराईपाउँ, क्षतिपूर्ति दिलाई पाउँ भनी पक्षहरूबीच कारोबारसम्बन्धी व्यापारिक विवादमा रिट लाग्ने नदेखिने।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल माघ १४ गते रोज ४ शुभम्।

## रीत/बेरीत आदेश

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-AP-०२६८, सम्पत्ति शुद्धीकरण, *सरिता गिरी राई वि. नेपाल सरकार*

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ४४घ को उपदफा (१) बमोजिम पर्न आएको निवेदनउपर छलफल हुँदा अनुसन्धानको क्रममा यी निवेदिकाको नामको चल अचल सम्पूर्ण सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले रोक्का राखेकोमा विशेष अदालत, काठमाडौंबाट फैसला हुँदा उक्त सम्पत्ति जफत हुने ठहर भएको देखिन्छ। यी निवेदिका र आश्रित परिवारको जीवनयापनको लागि अन्य कुनै उपाय वा स्रोत रहेको भन्ने पनि नदेखिएको, विशेष अदालतको फैसलाउपर निजको तर्फबाट पुनरावेदन परी यस अदालतमा विचाराधीन रहिरहेको देखिएकाले यस अवस्थामा ऐनको दफा ४४ घ(१) को व्यवस्था आकर्षित हुन सक्ने नै देखिएकाले रजिस्ट्रारले गरेको दरपीठ आदेश बदर गरिदिएको छ । अब निवेदकले आश्रित नाबालक पारिवारिक सङ्ख्या र दायित्वसमेतलाई विचार गरी मुद्दाको अन्तिम किनारा नभएसम्म न्यूनतमरूपमा जीवनयापन गर्नको लागि निजको रोक्का रहेको सम्पत्तिमध्येबाट यी निवेदिकालाई रू.३०,०००।–(तीस हजार रूपैयाँ) मासिकरूपमा खर्च उपलब्ध गराउनु भनी सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको नाममा लेखी पठाउने।

इति संवत् २०७१ साल चैत ११ गते रोज ४ शुभम्।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"

- सर्वोच्च अदालत, मेलमिलाप समिति